# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तानसेन नगरपालिका
## पाल्पा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## तानसेन नगरपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

तानसेन नगरपालिका

पाल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ३४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

तानसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

पाल्पा।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ४ लाख २३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १ लाख ९० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८६ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६६ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४६ लाख ९५ हजार,पेश्की बाँकी रु १ लाख ७६ हजार समेत गरी यस वर्ष रु. ३ करोड २ लाख ३३ हजार बेरुजू कायम रहेको छ ।नगरपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. ४१ करोड २४ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४४ करोड २६ लाख ३७ हजार रहेको

छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **तानसेन** नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **तानसेन** नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

# तानसेन नगरपालिका, पाल्पा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९९ | १३१ | ३०४२३ | ० | २ | १९० | ९९ | १२९ | ३०२३३ | ८६७५ | १४६९५ | ६६८७ | ० | ० | २१३८२ | १७६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तानसेन नगरपालिका, पाल्पा जिल्ला | ४१२५६८ | ० | १६४ | ४१२४०४ | ० | ३०२३३ | ४४२६३७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ९९.८ | प्रमाण पेश | १३०००० |
| २ | ०७९।०८० | १०७ | प्रमाण पेश | ६०१६० |
| | चालु वर्षको जम्मा | | | १९०१६० |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | ० |
| | २०७७।७८ | | | १६४०२३ |
| | गत विगतको जम्मा | | | १६४०२३ |
| | कुल जम्मा | | | ३५४१८३ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या १४, पालिका सभा सदस्य ७२, जनसंख्या ५१ हजार ४७० जना र क्षेत्रफल १०९.८ वर्ग किलोमिटर रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१० देखि २०८०।०७।०३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा सुचनामा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु. १६८६९६९२१८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

**(क) स्थानीय सचितकोष : पालिकाको अर्थिक वर्ष २०७९/०८० को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १२८५१५९३०७.९ | ८७०८८००४६.२७ | | ८७०८८००४६.२७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | १२३६३४२०५४. | ८२४११४९७६.९५ | ० | ८२४११४९७६.९५ |
| ११००० कर | ११ | १७३०२६०००. | १४७८३१३५९.७८ | ० | १४७८३१३५९.७८ |
| १३००० अनुदान | | ७९५६२६७४५. | ६४६४९०५०३.९ | ० | ६४६४९०५०३.९ |
| संघीय सरकार | १२ | ७०८८९९०००. | ६०६००८६५२.९ | ० | ६०६००८६५२.९ |
| प्रदेश सरकार | १२ | ४८९५००००. | ४०४८१८५१. | ० | ४०४८१८५१. |
| बैदेशिक श्रोत | १२ | २४४४४४१०. | ० | ० | ० |
| जनसहभागिता | | १३३३३३३५. | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ५९५८००००. | २९७९३११३.२७ | ० | २९७९३११३.२७ |
| ३२००० वित्तीय सम्पत्ति | | १२०६०९३०९. | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ४८८१७२५३.९ | ४६७६५०६९.३२ | | ४६७६५०६९.३२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ४८८१७२५३.९ | ३९७९९६५०.५३ | ० | ३९७९९६५०.५३ |
| धरौटी | | ० | ६९६५४१८.७९ | ० | ६९६५४१८.७९ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | १२८५१५९३०७.९ | ८१६०८९१७१.५२ | | ८१६०८९१७१.५२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १२३६३४२०५४. | ७९८९३२०६९.६७ | | ७९८९३२०६९.६७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३६८६९४९४२. | ३५८६१७६३९.६७ | ० | ३५८६१७६३९.६७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २३३००१०२६. | १८५२३७९३५. | ० | १८५२३७९३५. |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | ८२,०००.०० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २६०००००. | २२२९४४०. | ० | २२२९४४०. |
| २८००० अन्य खर्च | १८ | ४२५०००. | ३२६७५०. | ० | ३२६७५०. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६३१५३९०८६. | २५२५२०३०५. | ० | २५२५२०३०५. |
| घ. अन्य भूक्तानी | | ४८८१७२५३.९ | १७१५७१०१.८५ | | १७१५७१०१.८५ |
| कोषहरु | | ४८८१७२५३.९ | १४६३२०४९.८५ | ० | १४६३२०४९.८५ |
| धरौटी | | ० | २५४६३७७. | ० | २५४६३७७. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२१,३२५.०० | | -२१,३२५.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ५४७९०८७४.७५ | | ५४७९०८७४.७५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८७३९२४२४.५६ | | ८७३९२४२४.५६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १४२१८३२९९.३१ | | १४२१८३२९९.३१ |
| बैंक तथा नगद बाकी | २४ | | १३,४६,८३,६३२.३१ | | १३,४६,८३,६३२.३१ |

**ख**) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट CGAS मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छ :

| शीर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम | १९२३११००० | १९१३३९५८५ | १९१३३९५८५ |

| | | | |
|---|---|---|---|
| बाल अधिकार तथा सामाजिक न्याय | १५०००००० | १४१००७९ | १४१००७९ |
| बाल अधिकार तथा सामाजिक न्याय | ५००००० | ४८७५०० | ४८७५०० |
| भाषा तथा संस्कृति कार्यक्रम | ११०००००० | ९३८५७०२ | ९३८५७०२ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास | ४५३७००० | ० | ० |

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९१३३९५८५, भाषा तथा संस्कृति कार्यक्रमको रु ९३८५७०२ र बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रमको रु १८९७५७९ समेत गरी रु २०२६२२८६६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसबाट पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरण तथा वास्तविक आर्थिक कारोबारमा उपरोक्त रकम फरक परेको देखिन्छ । तसर्थ तालुक निकायले पालिकाको सबै आर्थिक कारोबारहरु समेटी एकिकृत विवरण तयार हुने गरी प्रणाली विकास गरी लागु गर्नुपर्दछ ।

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

४ **वित्तिय विवरणको विश्लेषण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

४.१ म.ले.प.फा.नं. २७२ प्राप्ती र भुक्तानी हिसाबले वर्षान्तको बाँकी रु १४२१८३२९९ देखाएकोमा सोही प्रणालीको अनूसूची २४ ले रु १३४६८३६३२ देखाई रु ७४९९६३७ फरक परेको छ । एउटै प्रणालीमा फरक फरक हिसाब देखिएको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४.२ सुत्र प्रणालीको २७२ को प्राप्ती र भुक्तानी हिसावले देखाएको श्रेस्ता अनुसारको बाँकी रु १४२१८३२९९ संग बैंक स्टेटमेन्ट अनुसारको बाँकी रु १३८८८८९५९ तुलना गर्दा बैंकमा रु ३२९४३४० घटी देखिएकोमा अनुसुची २४ ले देखाएको श्रेस्ताअनुसारको बाँकी रु १३४६८३६३२ संग तुलना गर्दा बैंकमा रु ४२०५६६४ वढी देखिन्छ । अतः सुत्र प्रणालीका दुई प्रतिवेदन वीच हिसाब भिडान गरी वैंक हिसाब मिलान समेत गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४.३ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रु ४२०५६६४ फरक देखिएको छ । सुत्रमा कन्टिन्जेन्सी सहितको खर्च क्रेडिट भएकोमा खर्च घटी भई बैङ्क मौज्दात वढी देखिएको कार्यालयको भनाई रहेको छ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५९७९९११५ | ६४००४७७९ | ४२०५६६४ |
| विविध खर्च खाता | १३२९५७६७ | १३२९५७६७ | ० |
| विपद व्यवस्थापन खाता | २१७२८४३ | २१७२८४३ | ० |
| धरौटी | ३९२३१८७५ | ३९२३१८७५ | ० |
| स्थानीयतह विविधकोष खाता | २०१८३६९५ | २०१८३६९५ | ० |
| जम्मा | १३४६८३२९५ | १३८८८८९५९ | ४२०५६६४ |

सैद्धान्तिक बेरुजु

४.४ जिम्मेवारी सम्बनधमा- गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोषको मौज्दात रु. ३४६१६२०९ र अन्य कोष तथा धरौटीको मौज्दात रु. ६०६७४४१२ समेत रु. ९५२९०६२१ रहेकोमा पालिकाको म.ले.प.फा. २७२ मा रु. ८७३९२४२४ मात्र जिम्मेवारी सारेको देखिएकोले सुत्रमा रु ७८९८१९७ घटि जिम्मेवारी सारेको छ । तर सुत्रले गतवर्षको जिम्मेवारी रु ७८७७२१३८ देखिएकोले यसवर्ष रु ८६२०२८६ वढी जम्मेवारी सरेको देखिन्छ । सुत्र प्रणालीमा गतवर्षको लेखापरीक्षण प्रतिवदेनमा उल्लेखित भन्दा घटी र सुत्रमा देखिएको भन्दा वढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गरेको छैन । पालिकाले सुत्रवाहिर एकीकृत आर्थिक विवरण तयार गरी समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित मौज्दातसँग समायोजन हुने गरी मिलान गरेको जनाएको छ । सो अनुसार सुत्रमा समेत समायोजन गरी हिसाव अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.५ पालिकाको सुत्रप्रणाली अनुसार रु ८१६०८९१७१ खर्च देखिएकोमा सुत्र प्रणाली अनुसार सिर्जित बैंक नगदी किताबका आधारमा देहाय अनुसार रु ८१६१२२८९४ खर्च देखिएकोले प्रणालीमै रु ३३७२३ फरक देखिएको छ । साथै म.ले.प.फा.नं. २७२ को कट्टि रकम भुक्तानी/दाखिला गर्ने बाँकी रु २१३२५ देखाएको छ । फरक खर्च देखाएको सम्बन्धमा तालुक निकाय संग समन्वय गरी हिसाव भिडान गर्नुपर्दछ ।

| क सं | खाताको नाम | बजेट खर्च | |
|---|---|---|---|
| १ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | ६५५६४२५ | |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | ३८५७०७२१८ | |
| ३ | तानसेन नगर कार्यपालिका चालु | १५४१५८५२० | |
| ४ | तानसेन नगर कार्यपालिका पूँजीगत | १६०१०८१५१ | |
| ५ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | ३२३१२४१६ | |

| | | | |
|---|---|---|---|
| ६ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | ६०१०१७३८ | |
| ७ | विविध कोष | १४६३२०४९ | |
| ८ | धरौटी | २५४६३७७ | |
| | जम्मा | ८१६१२२८९४ | |

सैद्धान्तिक बेरुजु

४.६ कार्यालयले आर्थिक कारोवार गर्दा कट्टि गरेको रकम तोकिएको समयभित्र दाखिला गर्नुपर्दछ । तर म.ले.प.फा.नं. २७२ को कट्टि रकम भुक्तानी/दाखिला गर्ने बाँकी रु २१३२५ देखाएको छ । उक्त रकम सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,३२५ |

४.७ म.ले.प.फा.नं. २७२ को अनूसूची २४ अनुसार यस वर्षको मौज्दात बाँकी रु. १३८८८८९६३ रहेको देखिन्छ । उक्त मौज्दात रकममा सुत्र वाहिर रहेका एस वि आई बैंकको सितभण्डार खाताको रु ५००० र नेपाल बैंक लिमिटेड साझेदारी खाताको रु ९०६५७४ समावेश भएको छैन । उक्त खाताहरुलाई समेत सुत्र प्रणालीमा आवद्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश तथा पारित** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिका वाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथै गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण २०७९ आषाढ १० मा पेश गरी २०७९ आषाढ १७ गतेमात्र स्वीकृत गरेको छ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को आयव्ययको प्रक्षेपण २०७९।०३।१७ गते सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिनभित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यबस्थाअनुसार २०७९।०३।१७ मा उपलव्ध गराएको देखियो ।

सैद्धान्तिक बेरुजु

७ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मागमा आधारित भौतिक पूर्वाधार विकाश कार्यक्रम अन्तर्गत रु १ करोड अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **वजेट वक्तव्य** - आ.व. २०७९।८० मा महत्वका साथ वजेट वक्तव्यमा उल्लेख गरेका विषयहरु मध्ये केहिको कार्यान्वयन स्थिति निम्नअनुसार देखिएको छ :

• तत्काल अपाङ्गता मैत्री हेल्पडेस्क सहितको सूचना केन्द्र मार्फत जनतालाई प्रभावकारी सेवा प्रवाहको लागि आवश्यक सहयोगको व्यवस्था मिलाउने उल्लेख भएकोमा हुननसकेको ।

• नक्सा शाखाबाट प्रदान गरिने सेवालाई चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री बनाउन अनलाईन सेवा प्रवाहको व्यवस्था मिलाउने उल्लेख भएकोमा कार्यान्वयन नभएको ।

• वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका संस्थानमा ई-हाजिरी तथा सिसि क्यामराको व्यवस्था मिलाई मुख्य सर्भरमा जडान गरिने उल्लेख भएकोमा उक्त कार्य हुननसकेको ।

• सम्पूर्ण वडाहरुमा अभियानकै रुपमा करदाता शिक्षा सञ्चालन गर्ने कार्य उल्लेख भएकोमा हुननसकेको ।

• किसानलाई बिउ, मल, प्रविधि, उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा प्रत्यक्ष सहयोग पुर्याउन नगरपालिकाको कृषि एप्स प्रयोगमा ल्याउने उल्लेख भएकोमा तयार नभएको ।

• नेपाल सरकार र साझेदार संघ संस्थासंगको समन्वयमा कृषि सहकारी संस्था मार्फत- कृषि एम्बुलेन्स सेवा प्रदान गर्ने उल्लेख भएकोमा कार्यान्वयन नभएको ।

• नगर क्षेत्र भित्र गुणस्तरीय मासुको आपूर्तिको लागि पशु बधशाला निर्माणको व्यवस्था गरिने उल्लेख भएकोमा हुननसकेको ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा पालिकाले यस वर्ष आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा पुर्णरुपमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समितिहरुलाई प्रभावकारी गराउनु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस पुर्णरुपमा गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरि कार्यक्रम निर्धारण गर्नुपर्नेमा संघीय सर्शत तथा पालिकाले एकै प्रकारका कार्यक्रम तयार गरि कार्यान्वियन गरेकोमा समन्वय गरेको देखिएन ।

• संघीय हस्तान्तरित तथा प्रदेश हस्तान्तरित कार्यक्रमहरू समेत अनुगमन भत्ता, दैनीक भ्रमण भत्ता, बैठक भत्ता लगायत वितरण प्रकृतिका रहेको पाईयो ।

• पालिकाले अनुगमन तथा भ्रमण खर्च लेख्दा उद्देश तथा कार्य प्रयोजन स्पष्ट खुलाएको पाईएन ।

• पदाधिकारी तथा कार्यालय इन्धन खर्चको स्वीकृत ढाँचामा लग बुक प्रमाणित नगरी खर्च लेख्ने गरेको पाईयो ।

• पालिकाले बैक नगदी किताब अनुसार सिलसिलेवार हुने गरी गोश्वरा भौचरहरु फाईलिङ्ग नगरी कार्यक्रम गत तथा कारोबार अनुसार कतिपय फाईल छुट्टै राखेको देखिएकोले बैक नगदी किताबसँग सिलसिलेवार भएको पाईएन ।

• पालिकाले तोकिएको शीर्षकको भत्ता खर्चलेख्दा अन्य शीर्षकमा सोही मितिमा सोही कर्मचारी उपस्थित भई दोहोरो भत्ता भुक्तानी भए नभएको अभिलेख राख्ने तथा भिडाउने गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको योजना बैंक खडा गरेको देखिएन।

दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा नगद लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश प्रभावकारी भएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन कार्ययोजना तयार गरेको पाईएन ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरको भएतापनी उक्त प्रणालीलाई कार्यपालिकाबाट स्वीकृत गरी लागु गरेको देखिएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० **खर्च बिश्लेषण** - पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ७१४३३२६६, राजस्व बाँडफाँड बाट रु १०६१९१२०७ र अनुदानबाट रु ६४६४९०५०४ समेत रु ८२४११४९७७ आम्दानी भएकोमा चालु तर्फ रु ५४६४११७६५ र पूँजिगत तर्फ रु २५२५२०३०५ समेत रु ७९८९३२०७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.३९ प्रतिशत चालु र ३१.६१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| | | | **त्रैमासिक खर्च (रु.हजारमा)** | |
|---|---|---|---|---|

| क्र.सं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च रु हजारमा | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | पालिका पूँजिगत | २५२५२० | ५६८४ | ३३५८१ | ७०८३५ | १४२४१९ | ६५७२१ |
| २ | खर्च प्रतिशत | १०० | २.३ | १३.२ | २८.२ | ५६.३ | २६ |

पालिकाले प्रथम त्रैमासिकमा २.२ प्रतिशत, दोस्रो त्रैमासिकमा १३.२ प्रतिशत, तेस्रो त्रैमासिकमा २८ प्रतिशत र चौथो त्रैमासिकमा ५६.३ पूँजिगत बजेट खर्च गरेको देखिन्छ । अषाढ महिनामा मात्र २६ प्रतिशत पूँजिगत खर्च गरेको देखिएकोले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत | क्षेत्रगत प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | ४४०५३ | २१९४६ | ४९.८ | २.८ |
| सामाजिक क्षेत्र | ४७६३०४ | ४२८३६९ | ८९.९ | ५३.६ |
| पूर्वाधार विकास क्षेत्र | ५५६९९० | २०२३७७ | ३६.३ | २५.३ |
| वित्तीय व्यवस्थापन र सुशासन | ५७४८७ | ५२१६५ | ९०.७ | ६.५ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०१५०६ | ९४०७५ | ९२.८ | ११.८ |
| जम्मा | १२३६३४२ | ७९८९३२ | ६४.६ | १०० |

पालिकाले उल्लेखित क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको अवस्थालाइ विश्लेषण गर्दा पालिकाको विकास निर्माण हुने प्रमुख क्षेत्र पूर्वाधार क्षेत्रमा ५० करोड ६९ लाख ९० हजार बजेट विनियोजन गरेकोमा २० करोड २३ लाख ७७ हजार खर्च भइ खर्च ३६.३ प्रतिशत रहेको छ । पालिकाले पूजि निर्माण हुने तथा विकासको अनुभूति हुने क्षेत्रमा विनियोजन गरेको बजेटको खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।साथै समग्र बजेट विनियोजन हेर्दा समेत रु १ अर्ब २३ करोड ६३ लाख ४२ हजार बजेट विनियोजन गरेकोमा ७९ करोड ८९ लाख ३२ हजार खर्च गरी ६४.६ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले बजेट खर्च प्रतिशतलाइ बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **सेवा प्रवाह** - पालिकाले उपलब्ध गराएको सेवा प्रभाव सम्बन्धी विवरण अनुसार घरबाटो सिफारिस निवेदन ८४० प्राप्त भएकोमा ८३५ सिफारिस गरेको छ त्यस्तै नाता प्रमाणित तर्फ २७५० निवेदन प्राप्त भएकोमा २७३५ सिफारिस गरेको छ भने घरनक्सा पासको निवेदन १२७ प्राप्त भएकोमा १२० लाई अनुमति प्रदान गरेको छ । पालिकाले सेवा प्रवाहलाई प्रभावकारी वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, नियमावली र कार्यविधि ५४ समेत गरि ७४ वटा कानून निर्माण गरेको छ । उक्त कानूनहरुको प्रभावकारी कार्यान्वयन गरी सेवा प्रवाह विकाश कार्यक्रमको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **न्यायीक समिति** -- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विपद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको २४ वटा विवाद दर्ता भएकोमा २१ वटा मात्र फछ्र्यौट ३ वटा टुङ्गो लगाउन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

१६.१ नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्

| **क्र. सं.** | **विवरण** | **योजना संख्या** | **रकम (रु हजारमा)** |
|---|---|---|---|
| १ | रु ५० हजार सम्मको योजना | २३ | १०४९ |
| २ | रु ५० हजार देखि १ लाख सम्मका योजना | ८३ | ७८९४ |
| ३ | रु १ लाख देखि २ लाख सम्मका योजना | ११८ | १९१३३ |

| | | | |
|---|---|---|---|
| ४ | रु २ लाख देखि ३ लाख सम्मका योजना | ५६ | १४६४७ |
| ५ | रु ३ लाख देखि ५ लाख सम्मका योजना | ५५ | २३८२४ |
| ६ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३४ | २६६७४ |
| ७ | १० लाख देखि १५ लाख सम्मका योजना | ४ | ४५८६ |
| ८ | १५ लाख देख २० लाख सम्मका योजना | ३ | ५२४० |
| ९ | २० लाख देखि ३० लाख सम्मका योजना | २ | ४६९३ |
| १० | ३० लाख देखि माथिका योजना | १ | ५००० |

सैद्धान्तिक बेरुजु

१६.२ **कार्यन्वयन हुन नसकेका योजनाहरुः** बजेट तयार गर्दा आवश्यकता र मागमा आधारित कार्यान्वयनयोग्य योजना बनाउनु पर्नेमा निम्न योजनाहरु कार्यन्वयन हुन सकेको पाइएन ।

| सिन | वडा नं | योजना | विनियोजन रकम रु |
|---|---|---|---|
| १ | ३ | विष्णु वराको घरनिर ठाडो बाटोमा खानेपानी पाईप व्यवस्थापन | ५००००० |
| २ | ३ | बद्रि श्रेष्ठ र श्री लक्ष्मीको घरको विचबाट सार्वजनिक जग्गामापर्खाल निर्माण बाटो चौडाई गर्ने | ३००००० |
| ३ | ३ | शिपमुलक तालिम झोला बनाउने | ५०००० |
| ४ | ४ | बारुदखाना टोल विकास संस्था १ बारुदखाना टोल विकास संस्था २ कोसंयुक्त भवन निर्माण | २००००० |
| ५ | ४ | स्टयाण्ड सहितको गमला हुलाक चोक देखि सिल्खानतर्फ विस्तार गर्ने | १००००० |
| ६ | ५ | डिल बहादुरको घर देखी राजेन्द्रको घर खोलासम्म बाटो | १००००० |
| ७ | ५ | शित्तलडाँडा- टंकी निर्माण | १००००० |
| ८ | ५ | जर्नेलधारा मुहान संरक्षण | १००००० |
| ९ | ९ | श्री कालिका भवानी मन्दिर भौतिक पूर्वाधार निर्माण | ५००००० |
| १० | ११ | गार्गी मा बि कम्प्युटर मर्मत | १००००० |
| ११ | १२ | डाँडाटोल सामुदायिक भवन निर्माण | २००००० |

| | | | |
|---|---|---|---|
| १२ | १३ | केरावादी टोलबस्ती खानेपानी- ट्याङ्की निर्माण | ९००००० |
| | **जम्मा** | | **३१५०००००** |

सैद्धान्तिक बेरुजु

१६.३ **अधुरा योजनाहरुः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग पूर्णरुपमा हुन सकेको छैन । यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| **क्र सं** | **योजना/कार्यक्रमकोनाम** | **लागतअनुमान** | **सम्पन्नमुल्याङ्कन** | **सम्पन्नप्रतिशत** |
|---|---|---|---|---|
| १ | नर्सरीदेखि धरमपानी मो बा | १०५६५९२ | ८७५०५५ | ८२ |
| २ | बंशगोपालमन्दिर भौतिक पूर्वाधार निर्माण | १०५५५२९ | ८८७७३३ | ८४ |
| ३ | तल्ली पिपलसुरुगतुग आमडाडा गाबुडाँडा मो बा | ७४०९२१ | ६९०८८६ | ९३ |
| ४ | प्रदिपउदयको घर पछाडि अधुरो बाटो | ६०१४२१ | ३९९४२१ | ६६ |
| ५ | परौठा हाउसदेखिको घुम्ती बाटो फराकिलो बनाउने | १०५६०१८ | ८७७८६९ | ८३ |
| ६ | माछाखोलामाथिल्लो धरमपानी बाँसपोखरा मो बा | १५८६३८८ | ७१७७९३ | ४५ |

सैद्धान्तिक बेरुजु

१७ **वार्षिक खरिद योजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पूँजीगत तर्फ खुल्ला वोलपत्रबाट रु ८२८६५२६० शिलवन्दी दरभाउपत्र बाट रु ३३१५६३० सोझै खरिदबाट रु ७१५३४७७ र उपभोक्ता समितिबाट रु १३११७४५३२ समेत वार्षिक रु २२४५०८८९९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । त्यस्तै चालु खर्च तर्फ स्टेशनरी खरिद छपाई विद्युतिय सामाग्री फर्निचर लगायतका रु ४६९३०७० का सामाग्री सोझै खरिद गरेको छ । पालिकाले एकिकृत खरिद योजना बनाएको पाइएन । ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद

कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई मितव्ययी, व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

१८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न छ ।

सैद्धान्तिक बेरुजु

१८.२ पालिकामा चार पाङ्ग्रे र दुई पाङ्ग्रे गरी २९ सवारी साधन रहेकोमा टोयटा जिप बा १ झ ४५०२ चालु अवस्थामा नरहेको त्यस्तै यामाहा मोटरसाइकल १ थान लिलाम गर्नुपर्ने देखिएको छ छ । त्यस्तै ०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनमा हस्तान्तरण भई आएका जिन्सी मालसामानको विवरण मुल खातामा अभिलेखिकरण गर्नुपर्ने जिन्सी कोडिङ्ग तथा नम्वरिङ गर्नुपर्ने सामानहरुको मुल्य खुलाएर राख्नुपर्ने लगायतका सुझाबहरु उल्लेख भएको पाइन्छ । अत; उल्लेखित सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्छ ।

सैद्धान्तिक बेरुजु

१८.३ पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ४२ स्थानमा सार्वजनिक जग्गा रहेको पाइयो । उक्त जग्गा मध्ये १८ स्थानको जग्गाको क्षेत्रफल यकिन भएको पाइएन । साथै उक्त जग्गाहरु अतिक्रमणमा परेनपरेको विवरण समेत खुलाएको छैन । अत; सार्वजनिक जग्गाको उचित संरक्षणमा विशेष ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र कृषि सहकारी संस्था ११ वटा, बचत तथा ऋण सहकारी संस्था १७ वटा, बहुउदेश्यि सहकारी संस्था १८ वटा, दुग्ध सहकारी संस्था ३ वटा, कफि उत्पादक सहकारी संस्था २ वटा, अदुवा सहकारी संस्था १ वटा र अन्य ३ समेत गरी ५५ वटा सहकारी संस्था रहेकोमा २ वटा निकृष्य, ५ वटा संकटग्रस्त रहेको जनाएको छ । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आंशिक विवरण अद्यावधिक गरेको भएपनि पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । प्रतिवेदन तयार नगरेता पनि सहकारीहरु संग छलफल भएको पालिकाले जनाएको छ । प्रतिवेदन नहुँदा सहकारीको सञ्चालन अवस्था बारे विश्लेषण गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| नगरपालिकाको यातायात गुरुयोजना तयारी | Thrive Engineering Consultancy Pvt Ltd | ८८०२५० | ५२८१५० | नखुलेको |
| बगाले खेलमैदनको वृस्तित प्रतिवेदन तयारी | Durdarshi Engineering Consultancy Pvt Ltd | ७९३४३७ | ७९३४३७ | २१२९०५१३८ |
| **जम्मा** | | **१६७३६८७** | **१३२२३८७** | **२१२९०५१३८** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

सैद्धान्तिक बेरुजु

२२ **धरौटी व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम धरौटी फिर्ता दिदाँ मुल्यअभिवृद्धि कर समायोजन भएको पत्र संलग्न गरी दिनुपर्नेमा निम्न अनुसारका निर्माण व्यवसायीलाई सडक निर्माण तथा मर्मत बापत निम्म अनुसारको धरौटी फिर्ता दिदा कर समायोजन पत्र वेगर फिर्ता दिएकोले अनियमित देखिएको रु

| क्र सं | गो भौ नं | मिति | धरौटी फिर्तापाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ७ | २०७९।४।२५ | सुदिपसुदिक्षा निर्माण एण्ड सप्लायर्स प्रा.लि. | २९०२८ | |
| २ | २४ | २०७९।६।१२ | अमृतकन्ट्रक्सन | २२८८५ | |
| | | | इन्द्रलोक कन्ट्रक्सन | १२२७२ | |
| | | | रिजन निर्माण सेवा प्रा.लि. | १२६४९ | |
| | | | सुरेन्द्र निर्माण सेवा | १५१३७ | |
| ३ | ६० | २०७९।९।२९ | उदयकन्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | २४११११ | |
| ४ | ६१ | २०७९।१०।०३ | प्रदिपसाइन जुम्ली जे.भि. | १०१२८७४ | |
| | जम्मा | | | १३४५९५६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,४५,९५६ |

२३ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले विविधतर्फ रु.१५ लाख खर्च गरेको छ । पालिकाले यस्ता प्रकारका खर्चमा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फस्यौट गर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ ब ०५५।५६ देखिको रु २ करोड ५८ लाख २७ हजार पेश्की बाँकी देखिएको छ । त्यस्तै सुत्रप्रणालीको अनुसुचि २३ ले संस्थागत तर्फ १०८९७९९६ उपभोक्ता समिति तर्फ ७०३५०० र व्यक्तिगत तर्फ गरी ११६५१४९६ पेश्की देखाएको छ भने उक्त पेश्की मध्ये १४५०००० म्याद नाघेको पेश्की देखिन्छ । उक्त पेश्की नियमानुसार असुल फछ्यौट गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, उपभोक्ता समिति र कर्मचारीलाई रु ४०२६१७६ पेश्की दिएकोमा सो मध्ये म्याद नाघेका पेश्की रु. १७६१७६ आर्थिक वर्षको अन्त्य सम्म फछ्यौंट नभई बाँकी रहेको देखियो। फछ्यौंट गर्न बाँकी रहेको म्याद नाघेको र ननाघेको पेश्की यकिन गरी नियमावलीको व्यवस्था अनुसार फछ्यौंट गर्नुपर्ने देखिएको रु.

| गो.भौ.नं | पेश्कीको लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने व्यक्ति फर्मको नाम | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|---|
| ४२ | २०८०।२।३० | कार्यक्रम खर्च | इन्द्रेणी समाज नेपाल | | १२६१७६ |
| ४८ | २०८०।३।८ | खेलकुल पूर्वाधार निर्माण | नविन शिव जेभि | ३८५०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४२ | २०७९।१२।९ | जर्सि खरिद | गोपाल रन्जन | | ५०००० |
| जम्मा | | | | ३८५०००० | १७६१७६ |

| | |
|---|---|
| पेश्की | १,७६,१७६ |

२५ **पदोन्नती र ग्रेड थप सम्वन्धमा -** नेपालको संबिधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्वान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने गरी स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ।प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा ५(ग) मा स्थानीय सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने उल्लेख छ । प्रदेश लोकसेवा आयोगको २०७९।३।९ को रायपरामर्शको आधारमा स्थानीय निकाय/तह बाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ दफा ४ तथा नगरपालिकाको मिति २०७९।३।२८ को निर्णय अनुसार २९ जना कर्मचारीहरुको स्तरवृद्धी गरेको देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **करार कर्मचारीलाई प्रोत्साहन भत्ता -** नेपाल सरकार, मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार सबै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दीभित्र रहेका करारमा रहेका व्यक्तीहरुलाई विभिन्न सेवा सुविधा दिने निर्णय गरेको छ । जसमा पारिश्रमिकको निश्चित प्रतिशत रकम अन्य भत्ताको रुपमा दिने कुनै निर्णय गरेको छैन ।सोहि बमोजिम सेवा सुविधा प्रदान गर्नका लागि सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१।२५ मा आ.व. २०७४।७५ बाट लागू हुने गरी कार्यान्वयन गर्न पत्राचार गरेको छ । नगरपालिकाले ७९ जना लाई विभिन्न पदमा करार सेवामा नियुक्त गरेको छ । ति कर्मचारी र नगरपालिकाबीच भएको सम्झौतामा अन्य भत्ता प्रदान गर्ने उल्लेख भएको छैन । तर मिति २०७७।३।१० मा बसेको नगरसभाले निर्णय नं २० बाट यस नगरपालिकाका कर्मचारीलाई उत्प्रेरित गर्न खाइपाइ आएको तलबको १० प्रतिशतको दरले हुने रकम प्रोत्साहन स्वरुप अतिरिक्त भत्ताको रुपमा उपलब्ध गराउने निर्णय गरेकोमा ११ औं नगरसभा २०७९।३।१० को निर्णय नम्बर १८ बाट सो निर्णयलाई निरन्तर दिई भत्ता वितरण गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार ७९ मध्ये ६६ कर्मचारीलाई संघीय नियम विपरीत अतिरिक्त भत्ता दिने निर्णय गरी रु.१८२१८७६ वितरण गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,२१,८७६ |

२७ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १८ लाख ट्रान्स्फर गरेको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै

कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले कार्यविधि बनाई कर्मचारीको योगदान समेत कट्टा गरी नियम बमोजिम कोषमा रकम ट्रान्सफर गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७९ जना कर्मचारीहरु करारमा राखि रु. २ करोड ६० लाख ६६ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिनेव्यवस्था गरेको छ । नगरपालिकाले माथि उल्लेखित पद वाहेक सहायक पाँचौ/चौथो लगायतका ७ वटा पदमा १३ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ४३३१३४० भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४३,३१,३४० |

२९ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कार्यविधि बनाएर निश्चित मापदण्ड पालना गरी भत्ता वितरण गर्नुपर्नेमा त्यो नगरी सभाबाट निर्णय गरी सम्पूर्ण कर्मचारीलाई खाईपाई आएको तलबको १० प्रतिशतको दरले हुने रकम प्रोत्साहन स्वरुप अतिरिक्त भत्ताको रुपमा उपलब्ध गराउने निर्णय गरेको छ।जसले गर्दा यो बर्ष पालिकाले १३० जना कर्मचारीलाई रु ४३ लाख ३ हजार ८४४ खर्च लेखेको देखिएको छ । प्रोत्साहन भत्ता वितरण गर्दा कार्यविधि बमोजिमको मापदण्ड पालना भएको देखिने गरी स्पष्ट अभिलेख व्यवस्था गर्ने तथा निश्चित सुचकका आधारमा प्रोत्साहन भत्ता दिने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **राजस्व अनुमान तथा असुली**

३०.१ म.ले.प. फा.नं. २७२ अनुसार यस बर्ष रु २३ करोड २६ लाख ६ हजार आन्तरिक राजश्व प्राप्त गर्ने लक्ष्य रहेकोमा रु १७ करोड ७६ लाख २४ हजार मात्र प्राप्त भई लक्ष्यको ७६.३ प्रतिशत मात्र प्राप्त भएको छ । तोकिएको लक्ष्य हाँसिल गर्नेगरी राजश्व असुल गर्ने तर्फ पालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३०.२ नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन गरेको छैन । नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको

गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३०.३ स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली(सुत्र)मा पालिकाको आन्तरिक आम्दानीको लागि आय मोडुलको व्यवस्था गरेको छ । उक्त मोडुलमा पालिकाको सबै प्रकारका आम्दानी समावेश गर्ने तथा आन्तरिक आम्दानी खाता र विभाज्य कोष खातामा दाखिला हुने रकमको हिसाब समायोजन गर्न समेत सहज हुने गरी उक्त मोडुल विकास गरी स्थानीय तहमा प्रयोग अनिवार्य गरीएको छ । तर कार्यालयले गत विगत वर्षदेखि आन्तरिक आय संकलनको लागि प्रयोग गरेको साङ्ग्रिला सफ्टयेर प्रयोग गरेको छ । उक्त सफ्टवेयरको आम्दानी पुन सुत्रमा समेत बाँधेको देखिन्छ । राजस्वको पालिकाले प्रयोगमा ल्याएको साँग्रिला सफ्टवयरले रु.७२६५८९२३ आम्दानी देखाएकोमा नगरपालिकाको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (शुत्र) ले रु.१७७६२४४७३ आम्दानी देखाएको छ । सुत्रले तयार गरेको आन्तरिक आय विवरणमा राजश्व बाँडफाँडको रु.१०६१९१२०७ समेतलाई आन्तरिक आम्दानीमा समावेश गरेकोमा र उक्त रकम सिधै सुत्रमा आम्दानी जनिने हुँदा फरक परेको पालिकाले जनाएको छ । सुत्र प्रणालीमा सिधै प्राप्त रकम र साङ्ग्रीला सफ्टवेयर प्रणाली मार्फत प्राप्त रकमको विवरण तयार गरी सबै आम्दानी सुत्र प्रणालीमा समावेश भएको सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **व्यवसाय कर -** नगरपालिकाको आर्थिक ऐन, २०७८ मा नगरपालिका भित्र व्यापार व्यवसाय गर्न चाहने व्यक्ति वा संस्थाले सोही ऐनको अनुसूची ४ मा तोकिए अनुसार व्यवसाय कर तिर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष ३९००००० ब्यवसाय कर असुल गर्ने अनुमान गरेकोमा रु ३३४४८०० अर्थात ८५.७ प्रतिशत असुल गरेको देखिन्छ । पालिकाले ब्यवसाय गर्ने व्यक्तिहरुको अभिलेख व्यवस्थित गरी तिर्नुपर्ने व्यवसाय कर यकिन गरी असुल गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **सामुदायिक वनबाट आय** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका ३३ सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन।

सैद्धान्तिक बेरुजु

३३ **नगदी रसिद -** पालिकाको आर्थिक ऐन २०७९ मा पूर्वाधार सेवा उपयोगमा लाग्ने शुल्क अन्तरगत रानीमहल दरबारको अवलोकन शुल्क र श्रीनगर भ्युटावर अवलोकन तथा पार्किङ्ग शुल्कको व्यवस्था गरेको छ । सोही अनुसार टिकट छपाई उक्त स्थानमा नगरपालिकातर्फबाट खटाईएका कर्मचारीलाई जिम्मा दिएकोमा लेखापरीक्षणको क्रममा उक्त स्थानहरुबाट संकलन भएको शुल्क परीक्षण हुन सकेन । टिकट तथा शुल्कको विवरण पेश नभएको व्यहोरा मस्यौदा प्रतिवेदनमा उल्लेख गरे पश्चात पालिकाले टिकटबाट रानीमहल दरबारतर्फ रु.५७८९७२० र श्रीनगर

भ्युटावरतर्फ रु.२६१९६९० असुल भएको विवरण पेश गरेको छ । पालिकाले सबै प्रकारका आम्दानी संकलनमा सफ्टवेयर प्रयोग गरेकोमा उपरोक्त अनुसारको आय संकलनमा टीकट बिक्रीवापत एकमुष्ट आम्दानी बाँध्ने गरेको जानकारी प्राप्त भएको छ । जसबाट उक्त स्थानको अवलोकन के कति जना बाट भएको हो र सो बाट केकति राजस्व प्राप्त हुनुपर्ने हो सो सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ पालिकाले सुचना प्रविधिको प्रयोग गरि शुल्क संकलन तथा दैनीक आम्दानी र खातामा दाखिला गर्ने तथा स्वीकृत म.ले.प.फा.हरुमा उक्त असूली भएको रकमको दैनीक तथा शिर्षकगत आम्दानी गरी आन्तरिक आय व्यवस्थित गराउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) मा कार्यालयले तलबी प्रतिवेदन पास नगराई खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। विगतका वर्षहरुमा कानूनी अस्पष्टताको कारण तलबी प्रतिवेदन पारीत नगराई खर्च लेखेकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।०५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गराउनु पर्ने स्पष्ट निर्देशन प्राप्त भएकोमा सो निर्देशनको पालना भएको पाईएन। तसर्थ पालिका मन्त्रालयको निर्देशन बमोजिम तलबी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्ने गर्नुपर्दछ।पालिकाले आ ब ०७९।८० को लागि तलबी प्रतिवेदन पारित नगरी रु २ करोड ३५ लाख ८१ हजार ९५८ तलब तथा रु २८२१३१८ ग्रेड रकम भूक्तानि गरेको छ । भूक्तानि भएको तलब तथा ग्रेड रकम एकीन गर्न सकिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना स्थायी पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण ४४ पदहरु रिक्त रहेको पाईयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३६ आन्तरिक लेखापरीक्षण

३६.१ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले त्रैमासिकगत लेखापरीक्षण गराएको छैन । आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षणको उद्देश्य हाँसिल गर्न कठिनाई हुनेहुँदा ऐन अनुसार त्रैमासिकगत रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । साथै आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका देहाए अनुसार छन ।

| | |
|---|---|
| सैद्धान्तिक बेरुजु | |

३६.२ केवरेभाईडाडा सामुदायिक वन उ स लाई विभिन्न विलभरपाईबाट रु ४६५९४८ भुक्तानी गर्दा रु ८४२८० को विल भरपाई कार्यसम्पन्न मिति भन्दा पछाडिको मितिकव विल संलग्न भएको देखिएकोले नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ८४,२८० |

३६.३ खोरथापे प्रतिक्षालय टोल भवन निर्माण उ.स. दुर्गा हार्डवयर १५०००० को १.५ प्रतिशत २२५० र रुरु हार्डवयर को ४ वटा विलको विल रकम रु ७३७०० को १.५ प्रतिशत ११०५.५ र रु ७१२६० को सा.सु.कर रु ७१२.६ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०६९ |

३६.४ रणउजेश्वरी भगवती गुठी व्यवस्थापन सहयोगको खर्च विवरण पेश नभएको हुदा पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,५०० |

३६.५ कार्यालयले कन्टिन्जेन्सी वापत जम्मा रु १८९११३ कन्टिन्जेन्सी खर्च गरेको छ कन्टिन्जेन्सीबाट खर्च लेख्दा मुख्य गरी मोटरसाइकल मर्मत र इन्धन खर्च भुक्तानी गरेको देखिन्छ । यसरी गरिएको कन्टिन्जेन्सी खर्च नियमसंगत मान्न सकिएन । अत कन्टिन्जेन्सी रकमहरु योजना तथा कार्यक्रम सञ्चालन गर्ने प्रयोजनले मात्र खर्च गरिनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,८९,११३ |

३६.६ कुनसेर आवि फर्निचर दाखिला हुनुपर्ने रु ९०४४२ तथा MEDPA Orientation कार्यक्रमको भुक्तानीको रु १७५१८ को विल भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०७,९६० |

३६.७ शिवपार्वती मन्दिर निर्माण उ स लाई भुक्तानी गर्दा विभिन्न फर्महरुले जारी गरेको विल विजकमा विक्रेताको हस्ताक्षर नगरेको विल स्वीकार गरेको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,८०,१९९ |

३६.८ कार्यालयले ज्ञानेन्द्र अटो वर्क्सको विल नं ०५० मिति २०८०।३।७ मा रु २५००० पान विल जारी गरेको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २५,००० |

३६.९ कृष्ण मन्दिर पूर्वाधार निर्माण उ स लाई विभिन्न विलभरपाई बाट रु ४६३१७१ भुक्तानी गर्दा रु ४२२४०३ को विल भरपाई कार्यसम्पन्न मिति भन्दा पछाडिको मितिको विल संलग्न भएको देखिएको नियमित गर्नुपर्ने

| | |
|---|---|
| अनियमित भएको | ४,२२,४०३ |

३७ **सार्वजनिक परीक्षण** औ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७७ जनालाई ६२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलव्ध गराई रु. ४१००४२८ खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **रकमान्तर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शिर्षकबाट पुजिगत शिर्षकमा २५ प्रतिशत नबढने गरि रकमान्तर गर्ने सक्ने व्यवस्था गरेको छ । जसअनुसार पालिकाले चालु शिर्षकतर्फ रकममान्तर गर्न पाउने देखिदैन । पालिकाबाट प्राप्त विवरण अनुसार १९२ शिर्षकमा रु. १९५१५४४१० रकम घटाई १२७ शिर्षकमा रु. १९५१५४४१० बढाउने गरी रकमान्तर गरेको छ । उक्त रकमान्तरका १९२ मध्ये ६६ वटा चालु खर्चतर्फको शिर्षकमा रकम घटेको तथा १२७ मध्ये ५० चालु खर्चतर्फका शिर्षकमा रकम बढाएको छ । पालिकाले ऐनमा तोकीएको सिमाभित्र रहि रकमान्तर गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४० **अन्य बहाल कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्रको कुनै व्याक्ती घर तथा जग्गा आंशिक तथा पूरै बहालमा दिएको अवस्था घर बहाल कर लगाउन पाउने व्यवस्था गरेको छ । जसअनुसार सामाग्री ढुवानी तथा अन्य विविध मेसिन बहाल रकम नगरपालिकाको अधिकार श्रेत्र भित्र पर्ने देखिदैन । तर नगरपालिका देहायको शीर्षकहरुमा विभिन्न मेसिन उपकरण, ढुवानी लगायतका कट्टी गरेको बहाल कर रकमलाई

अन्य बहाल शिर्षकमा पालिका संचितकोष दाखिला गरेको छ । उक्त रकम नगरपालिकाबाट खर्च लेखि संघीय संचितकोष फिर्ता गर्नुपर्दछ ।

| क्र.सं. | भौचर र मिति | शिर्षक | रकम |
|---|---|---|---|
| १ | ७५-२०८०।०३।२४ | संघीय सरकार हस्तान्तरित कार्यक्रम पुंजीगत | ४२७० |
| २ | ३५८-२०८०।०३।२४ | संघीय सरकार हस्तान्तरित कार्यक्रम चालु | ४२८४२ |
| २ | ५९-२०८०।०३।२४ | प्रदेश सरकार हस्तान्तरित कार्यक्रम पुँजीगत | २२३५० |
| ३ | ६३५-२०८०।०३।२४ | तानसेन नगरपालिका पुँजीगत | १२१९९८ |
| ४ | ४१०-२०८०।०२।१४ | तानसेन नगरपालिका पुँजीगत | १८७३९३ |
| ५ | ८२-२०७९।०९।२० | तानसेन नगरपालिका पुँजीगत | २२५९० |
| **जम्मा** | | | **४०१४४३** |

| प्रमाण पेश नगरेको | ४,०१,४४३ |
|---|---|

४१ **प्रदेश समपुरक -** प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुदा नं १२-२ मा ठेक्का प्रकृयाबाट ई-विडिङ्ग गरी कार्य गर्ने व्यवस्था गरेको छ । पालिकाले करुवाटोल कारागार जैसि चौपारी सडक कार्यको ठेक्का बन्दोवस्त गरेकोमा बचत रकमबाट थप कार्य गर्ने गरी रु. ४७६९७९ को लागत अनुमान तयार गरी सोझै खरिद विधिबाट जीवन एण्ड ब्रदर्श कन्ट्रक्सन सँग सम्झौता गरी गोभौ ४२ मिति २०८०।०३।२२ बाट रु. ४५६१४४ भुक्तानी दिएको छ । बचत रकम प्रदेश संचितकोष फिर्ता गर्नुपर्नेमा थप कार्यको लागि खर्च गरेकोले उक्त रकम खर्च गरेको सम्बन्धमा प्रदेश सरकारको खर्च समर्थन पेश हुनुपर्दछ अन्यथा उक्त रकम कार्यविधिको बुदा नं १०-४ अनुसार प्रदेश समपुरक अनुदान तर्फको रकम प्रदेश संचितकोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ४,५६,१४४ |
|---|---|

४२ **एक गाउँ एक प्राविधिकको तलब भत्ता-** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) बमोजिम सशर्त अनुदानको रकम तोकिएको शर्तको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकको तलब भत्ता बापतको रकम भुक्तानी गर्दा ५० प्रतिशत रकम मात्र सशर्त अनुदानको रकमबाट खर्च गर्न सकिने शर्त सहित सङ्घीय सशर्त अनुदान रकम प्राप्त भएकोमा पालिकाले ४ जना प्राविधिकको मासिक रु. ३२९०२ का दरले १३ महिनाको रु १७०८७८४ को ५० प्रतिशतले हुन आउने रु ८५४३९२ सशर्त अनुदानबाट खर्च गर्नुपर्नेमा रु ११००००० खर्च गरेकोले संघीय सर्शततर्फ रु २४५६०८ बढी खर्च गरेको छ । तसर्थ बढी खर्च भएको सशर्त अनुदानको रकम सङ्घीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | २,४५,६०८ |
|---|---|

४३ **सामाजिक सुरक्षा भत्ता**

४३.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण, लगत कट्टाको तोकिएको मिति भित्रै, परीचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने, प्रत्येक बर्ष लाभग्राहीको

अभिलेख अद्यावधिक गर्नु पर्ने, भत्ता वितरण बैंकमार्फत गर्नु पर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नु पर्ने,केन्द्रीकृत सुचना प्रणालीमा प्रविस्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउंने सम्बन्धित निकायको हुने व्यबस्था छ ।सोही अनुसार पालिकाले देहायका विभिन्न बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो।वडाहरुलाई निकाशा भुक्तानी भएको रकम निम्नानुसार वितरण भइ कूल सामाजिक सुरक्षा भत्ता रु १८९३४८२०७ वितरण खर्च भएको देखियो ।वडागत विबरण यस प्रकार रहेको छ ।

| बैंक/ वडा | | प्रथम त्रैमासिक वितरण | दोस्रो त्रैमासिक वितरण | तेस्रो त्रैमासिक वितरण | चौथो त्रैमासिक वितरण | जम्मा वितरण |
|---|---|---|---|---|---|---|
| बैंक | वडा नं. | | | | | |
| कृषि विकासबैंक | १ | २५४०५९० | २७०१५३४ | २७७४७४९ | २७७८६४७ | १०७९५५२० |
| कृषि विकासबैंक | २ | १९०४९६७ | २०१३३९४ | २०५६६१३ | २०२३५३५ | ७९९८५०९ |
| कृषि विकासबैंक | ३ | २८४६१५४ | २९८०८०९ | ३०१९४६० | ३०७४१८९ | ११९२०६१२ |
| कृषि विकासबैंक | ४ | १३६३७२४ | १३९९४६८ | १४०३१९४ | १४४०५१२ | ५६०६८९८ |
| कृषि विकासबैंक | ५ | ३६८२९३५ | ३८५८२३२ | ३९१२०४१ | ३९५२२५४ | १५४०५४६२ |
| कृषि विकासबैंक | ६ | ३५३४४७० | ३७०३६३३ | ३७६५६२४ | ३७८१७८८ | १४७८५५१५ |
| कृषि विकासबैंक | ७ | ३६९०३७४ | ३८०३२१३ | ३८९३००२ | ३९६८२८८ | १५३५४८७७ |
| साइन रेसुङ्गाडेभलपमेण्ट बैंक | ८ | ३२६३४९८ | ३३८७८११ | ३३८४८४० | ३३९४२५३ | १३४३०४०२ |
| प्राइमकमर्सियल बैंक | ९ | ३७७७८२३ | ३९०२९७२ | ३८९३२७३ | ३९५७२७४ | १५५३१३४२ |
| ग्लोबल आइ एमइ बैंक | १० | ४०२३९१४ | ४१६१०१८ | ४२२२०५९ | ४२४६५९३ | १६६५३५८४ |
| नेपाल बैंकलिमटेड | ११ | ३८७७५१३ | ३९६४०५९ | ३९८३७३५ | ३९८०५३४ | १५८०५८४१ |
| नेपाल बैंकलिमटेड | १२ | ३४५८०६१ | ३६३१५९५ | ३५९७८०६ | ३६१७८६० | १४३०५३२२ |
| माछापुछ्रेबैंक | १३ | ३४६८३७० | ३६५१८६२ | ३७०२६६९ | ३६८४३६५ | १४५०७२६६ |
| कुमारी बैंकलिमिटेड | १४ | ४६४८२९० | ४८४८९०५ | ४८९६०७१ | ४८५३७९१ | १९२४७०५७ |
| जम्मा | | | | | | १९१३४८२०७ |

सैद्धान्तिक बेरुजु

४३.२ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१)मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ ।उपनियम १ बमोजिम त्रैमासिक प्रतिवेदन पठाउंदा पहिलो त्रैमासिक प्रतिवेदन ७ गतेभित्र दोस्रो त्रैमासिक प्रतिवेदन ७ गतेभित्र तेस्रो त्रैमासिक प्रतिवेदन ७ गते भित्र र चौथो त्रैमासिक तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको साउन १५ गतेभित्र विभागले तोके बमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४४ **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) कार्यालय प्रमुखले बजेट खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमको शीर्षकमा फरक शीर्षक पारी खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु

| **गो.भौ.नं मिति** | **खर्च गर्नुपर्ने शीर्षक** | **खर्च लेखेको वील भरपाई** | **रकम** |
|---|---|---|---|
| १२५६-०८०।३।२१ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | विद्युत महशुल भुक्तानी | ६३६१ |
| १२७०-०८०।३।२१ | कार्यालय संचालन तथा भैपरी खर्च | सडक तथा गल्ली विस्तार | १४१९६८ |
| १२८२-०८०।३।२२ | अन्य संपत्ति संचालन तथा सम्भार | सवारी साधन मर्मत | १९४४० |
| १२९५-०८०।३।२२ | कोभिड १९ रेसपोन्सीप प्रोजेक्ट कार्याक्रम | चिश्यान घर निर्माण तथा कृषि उपज प्रशोधन केन्द्र निर्माण | १८०७६८२ |
| १३२१-०८०।३।२३ | अनुगमन तथा मुल्याङ्कन खर्च | विविध खर्च | १९२०० |
| १३३७-०८०।३।२४ | औषधी उपचार खर्च | घर बहाल भुक्तानी | १५००० |
| १३२०-०८०।३।२३ | अनुगमन तथा मुल्याङ्कन | विविध खर्च | ८००० |
| १३०९-०८०।२।२३ | अनुगमन तथा मुल्याङ्कन | विविध खर्च | ११५३० |
| १३०६-०८०।३।२३ | मंहगी भत्ता | बैठक भत्ता | ३०००० |
| १३०३-०८०।३।२३ | मंहगी भत्ता | बैठक भत्ता | १०७५०० |
| १३१०-०८०।३।२३ | अनुगमन तथा मुल्याङ्कन | विविध खर्च | ९०३५ |
| ८२२-०७९।१२।२० | मेशिनरी तथा औजर मर्मत | स्टेशनरी तथा मसलन्द खरिद | ९९१८० |

| जम्मा | | २२७४८९६ |
|---|---|---|
| | अनियमित भएको | २२,७४,८९६ |

४५ **सट्टा शिक्षक -** संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ खर्च गर्नुपर्नेमा कार्यालयले हाल पद खारेज गरी सम्बन्धित विद्यालयमा पठन पाठनमा फर्काउने गरी निर्णय भएका स्रोतव्यक्तिलाई मुक्ति माध्यमिक विद्यालयका शिक्षक तथा तत्कालिन स्रोतव्यक्ति श्री लक्ष्मी ढुङगाना नगरपालिका कार्यालयमा काजमा राखेको र निजको स्थानमा सट्टाशिक्षक राखी तलब भत्ता भुक्तानी गरेको छ । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा दोहोरो भार पर्ने गरी सट्टा शिक्षकलाई वार्षिक रु.९७३९३३ तलब भत्ता भुक्तानी भएको छ । सट्टा शिक्षक राखि तलब र भत्ता वापत भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,७३,९३३ |

४६ **यातायात सुविधा -** स्थानिय तहका पदाधिकारी तथा सदस्याहरुले पाउने सुविधा सम्बन्धि कानुनमा संशोधन र एकिकरण गर्न बनेको विद्येयक २०७६ को दफा ४ मा कुनै सदस्यले यातायात सुविधा वापत कुनै सवारी साधन पाएको भए यातायात सुविधा बापतको रकम नपाउने व्यवस्था उल्लेख गरेको छ । गो भौ नं ५७-०७९।६।९ बाट नगर उप्रमुख श्री प्रतिक्षा सिजांलीले सवारी साधन प्रयोग नगर्ने भनि मिति २०७९।४।२५ मा कार्यालयलमा निवेदन दर्ता भएको देखिन्छ । यसरी मिति २०७९।४।२५ बाट सवारी साधन नलिइने भनि घोषण गरेकोमा निजलाई श्रवण महिनाको यातायात सुविधा वापतको रकम रु १२००० भुक्तानी भएकोमा निजलाई ६ दिनको भुक्तानी रु २४०० हुनुपर्नेमा बढी भुक्तानी भएको रु ९६०० असुल गरी दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ९,६०० |

४७ **विल भर्पाई** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) खर्च लेख्दा विल भर्पाइ सहित श्रेस्ता राख्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं १३००-०८०।३।२३ बाट राजश्व परामर्श समिति र आर्थिक समितिको बैठकमा १६ जना कर्मचारीको ३५ वटा वैठकको भत्ता रकम कर कट्टि बाहेक रु २८७०० श्री मधुसुदन घर्तिको खातामा भुक्तानी गरेको निजले अरु उपस्थितिलाई रकम बुझाएको कुनै प्रमाण संलग्न नदेखिएकोले असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,७०० |

४८ **बढी आमन्त्रित -** खर्चको मापदण्ड सम्बन्धि कार्यविधि २०७५ को बुदां नं ३.१ को ४ नम्बर बुदाँमा वैठकको आवश्यकता अनुसार बढीमा २ जना मात्र सदस्य आमन्त्रित गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले विभिन्न समितिको बैठकमा तोकिएको सदस्य भन्दा बढी आमन्त्रित राखी भत्ता भुक्तानी गरेको देखियो ।पालिका आवश्यकता हेरी मात्रै आमन्त्रित गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं मिति | बैठकको नाम | आमन्त्रित राख्नुपर्ने बैठक सङ्ख्या | आमन्त्रित राखेको बैठक सङ्ख्या | बढी बैठक सङ्ख्या | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११९७ ३ १४ | स्थानिय पाठ्यक्रम विकास समिति | १२ | २४ | १२ | १२००० |
| ७१२-०७९।१२।९ | योजना मुल्याङ्कन तथा खरिद समिति | ८ | १६ | ८ | ८००० |
| १०–. | कार्यपालिका बैठक | १० | २४ | १४ | १४००० |
| १२०३-३।२१ | लेखा समिति बैटक | ४ | ६ | २ | २००० |
| १३०३-०८०।२।२३ | बजेट श्रोत अनुमान समिति | १२ | २० | ८ | ८००० |
| १३०३-०८०।२।२३ | कार्यापालिका बैठक | ८ | २७ | १९ | १९००० |
| १२८६-०८०।३।२२ | न्यायिक समितिको बैठक | - | २९ | २९ | २९००० |
| **जम्मा** | | | | | **९२०००** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४९ **तालिम संचालन** (९१८-२०८०-१-३१):- कानुनी सचेतना सम्बन्धि ३ दिने तालिम संचालन मिति २०७९।११।९ देखी ०७९।११।११ सम्म संचालन हुनुपर्नेमा तालिम संचालन उपस्थितिको विवरण र संलग्न माइन्युट अनुसार तालिम २ दिन मात्र संचालन भएको देखिन्छ । यसरी २ दिन संचालन भएको तालिममा ७० जनाको रु १५० जम्मा रु १०५०० गरी ६ दिनको खाजा खर्च जम्मा ६३००० खर्च लेखेको र यातायात खर्च ३ दिनको रु ४२००० खर्च लेखेको देखियो । यसरी २ दिन सचालन भएको तालिममा खाजा खर्च ४ दिनको बढी रु ४२००० र यातायात खर्च १ दिन को बढी रु १४००० गरी जम्मा रु ५६००० सिखन टोल विकास समिति नाममा भुक्तानी भएको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,००० |

५० **कार्यक्रम संचालन -** सार्वजनिक निकाय खर्च गर्दा खर्चको मितव्ययी पक्षमा ध्यान दिई र आफै संचालन गर्न सक्ने कार्यक्रम आफै संचालन गर्न पर्नु हुन्छ । पालिका विभिन्न तालिम गोष्ठी लगायतका कार्याक्रम आफै संचालन नगरी विभिन्न संघ सस्था मार्फत संचालन गरेको उपयुक्त देखिएन । तसर्थ यस्तो पद्दतिमा सुधार गर्नुपर्ने देखिन्छ । जस्तै उदाहरणको लागि

| **गो भौ नं मिति** | **कार्यक्रमको नाम** | **संचालन गर्ने संस्था** | **रकम** |
|---|---|---|---|
| ९९३-०८०।२।१६ | दलित सचेतना सम्बन्धी तालिम | संचारिका समुह नेपाल | ५०००० |
| ९९०-०८०।२।१६ | अपाङ्गता शसक्तिकरण तालिम | संचारिका समुह नेपाल | ६८५०४ |

| | | | |
|---|---|---|---|
| १०१८-०८०।२।२८ | वालबालिका सचेतना तालिम | संचारिका समुह नेपाल | ५०००० |
| १०२१-०८०।२।२१ | महिला शसक्तिकरण तालिम | संचारिका समुह नेपाल | १००००० |
| १०१४-०८०।२।१८ | बालबालिकाको चौतर्फि विकास सम्बन्धी तालिम | मखन टोल विकास संस्था | ७०००० |
| ९१८-०८०।१।३१ | कानुनी सचेतना सम्बन्धि तालिम | सिखन टोल विकास समिति | १५०००० |

सैद्धान्तिक बेरुजु

५१ **बढी भुक्तानी -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९बमोजिम खर्च लेख्दा रित पुगेको वा नपुगेको भनि चेक जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं मिति १२७६-०८०।३।२२ बाट नेपाल एशोशियन अफ टुर एण्ड ट्राभल्ल एजेन्टस पाल्पालाई विल अनुसार रु ११७००० भुक्तानी गर्नुपर्नेमा रु १७०००० भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु ५३००० असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,००० |

५२ **भुक्तानी सम्बन्धमा -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्च लेख्दा रित पुगेको वा नपुगेको भनि चेक जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमका पार्टिको नाममा भुक्तानी गर्नुपर्नेमा मञ्जुरी नाममा विना अर्को पार्टिको नाममा भुक्तानी गरेको देखिएकोले पालिकाले जुन आपुर्तिकर्ताबाट खरिद गरेको सोही आपुर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| **गो.भौ.नं मिति** | **भुक्तानी हुनुपर्नेको नाम** | **भुक्तानी भएको नाम** | **रकम** |
|---|---|---|---|
| ११२३।२०८०।३।४ | एस जी स्पोर्टर्स सप्लायर्स | हिमाली सप्लायर्स | ९४५४९ |
| १०२७।२०८०।२।१९ | मगर समुदाय कला संरक्षण समिति | केन्द्रिय खानेपानि मुल संरक्षण तथा मर्मत योजना | १५०००० |
| **जम्मा** | | | **२४४५४९** |

सैद्धान्तिक बेरुजु

५३ **कम कट्टि -** आयकर ऐन २०५८ बमोजिम दफामा ८८ मा कर कट्टी सम्बन्धी व्यवस्था रहेको । पालिकाले गो भौ नं ११८३।३।११ बाट भुमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको राष्ट्रिय भुमि आयोगको सुचना प्राणलिमा प्रविष्ट गरे वापत निम्नबमोजिमका कर्मचारीलाई भत्ता भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टि गरि भुक्तानी गर्नुपर्नेमा १ प्रतिशत कर कट्टि गरी भुक्तानी गरेको देखिएकोले बाँकी १४ प्रतिशत पारिश्रमिक कर असुल गरी संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| **कर्मचारीको नाम** | **प्रविष्ट गरेको सङख्या** | **दर** | **भुक्तानी हुनुपर्ने** | **भुक्तानी भएको** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| सर्जिना बज्राचार्य | १३६ | १०० | ११५६० | १३४६४ | १९०४ |
| बिशाल ओलि | २१३ | १०० | १८१०५ | २१०८७ | २९८२ |
| उमकला कुमाल | ४९ | १०० | ४१२५ | ४८५१ | ७२६ |
| तिनाउ भट्टराई | २२२ | १०० | १८८७० | २१९७८ | ३१०८ |
| विषम पौडेल | ३४ | १०० | २८९० | ३३६६ | ४७६ |
| प्रकाश गैरे | १४७ | १०० | १२४९५ | १४५५३ | २०५८ |
| नारायण पाण्डे | १६९ | १०० | १४३६५ | १६७३१ | २००१ |
| सुरज रायमाझी | १०५ | १०० | ८९२५ | १०३९५ | १४७० |
| जम्मा | | | | | १४७२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,६७५ |

५४ **कम्प्युटर खरिद -** कार्यापालिकाको मिति २०७९।०४।१९ को निर्णय नं.१५ मा आर्थिक वर्ष २०७९।८० को नगर विकास योजनाको अनुसूची-७, प्रवर्द्धनात्मक कार्यक्रमको सि.नं.२१ नगर स्वास्थ्य कार्यक्रमको लागि विनियोजित रकमबाट वडामा रहेका स्वास्थ्य चौकीहरुलाई डेस्कटप, कम्प्युटर तथा प्रिन्टर सेट लगायतका ८ थान विद्युतिय सामाग्री खरिद गर्ने निर्णय भएको छ । पालिकाले अन्तरसरकारी हस्तान्तरण अनुदान सर्शततर्फको गोभौ ५३-२०७९।१०।०३ स्थानीय तहका स्वास्थ्य चौकीमा कार्यरत कमर्चारीको तलब भत्ता तथा प्रशासनीक खर्च शिर्षकबाट कम्प्युटर सर्भिस सेन्टरबाट कम्प्युटर सेट खरिद गरी रु. ९१०२३८ भुक्तानी दिएको छ । पालिकाले प्रशासनीक खर्च शिर्षकका लागि बजेट विनियोजन भएको कारण संघीय हस्तान्तरितर्फ स्वास्थ्य संस्था संचालन तथा दैनीक प्रगति तयारीका लागि आवश्यक कम्प्युटर खरिद गरेको भनी सर्शत अनुदानतर्फबाट खर्च लेखेको छ । अतः वार्षिक बजेट विनियोजन गर्दा एकमुष्ट प्रशासनीक खर्च शिर्षकमा मात्र उल्लेख नगरी कार्यक्रम ब्रेकडाउन गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **स्वास्थ्यतर्फका कर्मचारीको ग्रेड -** नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३७ मा कर्मचारीले एक वर्ष पूरा भएमा तोकीए बमोजिम तलब वृद्धि पाउने तथा तलबी प्रतिवेदन पारित हुनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले स्वास्थ्यतर्फ यस वर्ष देहायअनुसार ग्रेड रकम खर्च लेखेकोमा वर्ष भरी ३२ जना कर्मचारीहरु कार्यरत रहेको अवस्थामा समेत देहाय अनुसार मासिक रुपमा फरक फरक ग्रेड रकम भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नभएकोले कर्मचारीले पाउने ग्रेड रकम यकिन गर्न सकिएन। तसर्थ तालुक निकायबाट तलबी प्रतिवेदन परीत गरी ग्रेड रकम यकिन हुनुपर्दछ ।साथै वर्षभरी कर्मचारी संख्या सामन भएको अवस्थामा ग्रेड रकम वृद्धी हुनुपर्नेमा आर्थिक वर्षको प्रथम महिना भन्दा अन्तिम महिनामा घटी ग्रेड रकम खर्च लेखेकोले फरक परेको रकम को हिसाब गरी बढी भए नभएको यकिन हुनुपर्दछ ।

| भौ.नं. | मिति | महिना | कर्मचारी संख्या | ग्रेड रकम | प्राविधिक ग्रेड | अन्य/समायोजन ग्रेड | जम्मा | २०८० आषाढको तुलनामा बढी |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २०७९।०६।९ | श्रावण | ३२ | २२५८०३ | १८७४० | ५९२८६ | ३०३८२९ | ४४६५७ |
| ११ | २०७९।६।११ | भाद्र | ३२ | २३१६८९ | १८७४० | ५९२८६ | ३०९७१५ | ५०५४३ |
| २५ | २०७९।६।२६ | असोज | ३२ | २३२८४७ | १८७४० | ६१६०२ | ३१३१८९ | ५४०१७ |
| ३५ | २०७९।७।२४ | कार्तीक | ३२ | २१३३२४ | १९३३६ | ४७२३२ | २७९८९२ | २०७२० |
| ४० | २०७९।८।२७ | मंसिर | ३२ | २२०३०६ | १९३३६ | ५३०५६ | २९२६९८ | ३३५२६ |
| ५४ | २०७९।१०।६ | पुष | ३२ | २०३६६८ | १९३३६ | ४०२८४ | २६३२८८ | ४११६ |
| ७८ | २०७९।११।२ | माघ | ३२ | २०६२८२ | १९३३६ | ४०२८४ | २६५९०२ | ६७३० |
| ९५ | २०७९।१२।१ | फागुन | ३३ | २१६५८२ | १९३३६ | ४०२८४ | २७६२०२ | १७०३० |
| ११२ | २०७९।१२।२८ | चैत्र | ३२ | १९६८९६ | १९३३६ | ३६६२८ | २५२८६० | -६३१२ |
| १९६ | २०८०।०२।०४ | बैशाख | ३२ | २१४२६६ | १९३३६ | ३६६२८ | २७०२३० | ११०५८ |
| २७४ | २०८०।०३।०८ | जेष्ठ | ३२ | २०८४७६ | १९३३६ | ३४३१२ | २६२१२४ | २९५२ |
| ३५१ | २०८०।३।२४ | आषाढ | ३२ | २०७८१४ | १९३३६ | ३२०२२ | २५९१७२ | ० |
| **जम्मा** | | | | **२५७७९५३** | **२३०२४४** | **५४०९०४** | **३३४९१०१** | **२३९०३७** |

सैद्धान्तिक बेरुजु

५६ **बढी ग्रेड रकम -** नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३७ मा कर्मचारीले एक वर्ष पूरा भएमा तोकीए बमोजिम तलब वृद्धि पाउने तथा तलवी प्रतिवेदन पारित हुनुपर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले देहाय अनुसार कर्मचारीहरुले छुट तलब तथा ग्रेड रकमवापत भुक्तानी गर्दा वर्षभरी बढी दरमा भुक्तानी भएकोले उक्त रकम असूल हुनुपर्ने रु

| क्र.सं | कर्मचारीको नाम | विवरण | बढी ग्रेड रकम | क.सं.कोष थप | जम्मा |
|---|---|---|---|---|---|
| १ | रमानाथ कंडेल | ग्रेड रकम रु.८७३६ भुक्तानी हुनुपर्नेमा रु.११६४८ का दरले भुक्तानी भएको | ३७८५६ | ३४९४ | ४१३५० |
| २ | ईन्दु अर्याल | कार्तीक देखि स्तर वृद्धि भएकोमा ग्रेड रकम शुन्य हुनुपर्नेमा रु.२९१२ का दरले भुक्तानी भएको र मंसिर महिनामा अन्य ग्रेड वापत रु.२९१२ पनि भुक्तानी भएको | २९१२० | २६२१ | ३१७४१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | शोभा आचार्य | कार्तीक देखि स्तर वृद्धि भएकोमा ग्रेड रकम शुन्य हुनुपर्नेमा रु.२९१२ का दरले भुक्तानी भएको र मंसिर महिनामा अन्य ग्रेड वापत रु.२९१२ पनि भुक्तानी भएको | २९१२० | २६२१ | ३१७४१ |
| ४ | विजु देवी जर्घा | असोज महिनामा ग्रेड वृद्धि गरेकोमा पुन चैत्रबाट ग्रेड वृद्धि गरेको | ४६३२ | ४६३ | ५०९५ |
| ५ | संगिता बोहोरा | अन्य ग्रेड वापतको रकम भुक्तानी नहुनुपर्नेमा चैत्रसम्म भुक्तानी भएको | २१९४० | १९७५ | २३९१५ |
| ६ | सुस्मिता जिसी | अन्य ग्रेड वापतको रकम भुक्तानी नहुनुपर्नेमा चैत्रसम्म भुक्तानी भएको | २१९४० | १९७५ | २३९१५ |
| **जम्मा** | | | | | **१५७७५६** |

| असुल गर्नुपर्ने | १,५७,७५७ |
|---|---|

५७ **औषधि खरिद तथा वितरण -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले यस वर्ष रु १९९४५६६ को औषधि खरिद गरेको देखिन्छ। उक्त औषधिहरु स्वास्थ्य चौकीबाट माग भए अनुसार एकमुष्ट निकासि गरेको छ । साथै जिल्लाबाट के कति परिमाणमा औषधि प्राप्त भएको हो सोको विवरण पालिका PAMS मा देखीदैन । साथै स्वास्थ्य चौकीलाई वितरण भए अनुसार चौकीले औषधि खर्च तथा मौज्दात सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत देखिएन । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त औषधि तथा पालिकाबाट खरिद भएका औषधिको एकीकृत अभिलेख राखी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **शिक्षक अभिलेख -** शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नियमावलीमा व्यवस्था भए बमोजिमको शिक्षकको विद्यालय गत दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत्त भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी बिबरण आदीको अभिलेख राखेको भएतापनी अध्याविक गरेको पाईएन । तसर्थ नियमावलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको अध्यावधिक गरी अभिलेख व्यवस्थापन गरी तल भत्ता निकासा दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५९ **नीजि विद्यालय अनुगमन -** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले पालिका क्षेत्र भित्र २१ वटा संस्थागत विद्यालय रहेको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको देखिएन । साथै उक्त निजी विद्यालयको शुल्क निर्धारण सहमति तथा सोको अनुगमन र जेहेन्दार छात्रवृत्ती लगायतका विषयमा अनुगमन पालिकाबाट भएको देखिएन । जसबाट निजी विद्यालयको शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अवस्था यकिन गर्न सकिएन । तसर्थ पालिका कानुनमा तोकीए अनुसार निजी विद्यालयको व्यवस्थापन तथा मुल्यांकन मापदण्ड निर्धारण गर्ने र शुल्क निर्धारण गर्ने कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **निकासा अभिलेख खाता -** पालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरू यकिन गरी तलव भत्ता निकासा गर्नुपर्दछ । त्यस्तै माग फाराम सोही आधारमा रूजू गरी विद्यालयगत निकासा अभिलेख तयार नगरी यस वर्ष आधारभूत तर्फ शिक्षक तलवमा रू.१७ करोड ८३ लाख ८९ हजार र माध्यामिक तर्फ रू.८ करोड २८ लाख गरी रू.२६ करोड ११ लाख ८९ हजार खर्च गरेको छ । तसर्थ पालिकाले दरबन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरूपको माग फाराम तथा निकासा अभिलेख तयार गरी शिक्षकको तलव भत्ता यकिन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **नमुना विद्यालय निर्माणमा लागत सहभागिता -** कार्यक्रम कार्यान्वन निर्देशिकाको क्रियाकलाप नं.२.७.१३.१३ मा नमुना विद्यालय अनुदानको रकम विद्यालयको खातामा एकमुष्ट निकसा दिने उल्लेख छ । दमकडा माध्यामिक विद्यालय भवन क्रमागत योजना अन्तर्गत तेस्रो तल्ला थप गर्ने कार्यको लागि गो भौ ५३ मिति २०८०।०३।२० मा नगरपालिकाले विद्यालयलाई रु. २५ लाख पेश्की फर्छ्यौट सहित रु. ५० लाख निकासा दिएको छ । विद्यालय व्यवस्थापन समितिले उक्त कार्य उपभोक्ता समितिबाट गर्ने गरी निर्णय गरे अनुसार नगरपालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को आधारमा तयार गरेको सम्झौता प्रयोग गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उक्त सम्झौताको बुदाँ नं.५(छ) मा नगर सभाबाट अन्यथा निर्णय भएको बाहेकका निर्माण कार्यमा उपभोक्ता समितिबाट १० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ ।नगरपालिका प्राविधिकले तयार गरेको प्राविधिक मुल्यांकन अनुसार उपभोक्ता समितिले रु.५१२६१७१.६६ को कार्य गरेको छ । त्यसैगरी योजना शाखाबाट भुक्तानीको लागि तयार भएको टिप्पणी अनुसार रु.५१२६१७ लागत सहभागीता र रु.४६१३५५४ नगरपालिकाबाट भुक्तानी हुने गरी ब्रेक डाउन गरेकोमा भुक्तानी हुनुपर्ने रकम रु. ५० लाख नैं उल्लेख भए अनुसार नगरपालिकाले रु. ५० लाख नै भुक्तानी दिएको छ । उपभोक्ता समितिसँगको सम्झौताको बुदा नं. २५(छ) अनुसार लागतको १० प्रतिशत सहभागिता वापत कट्टा गरी सो बाहेकको रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकोले उक्त निर्माण कार्यमा रु. ३६८४४६ बढी भुक्तानी भएको छ । सम्झौताको सर्त अनुसार लागत सहभागिता वापतको भुक्तानी भएको रकम असूल भई संघीय संचितकोष दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६८,४४६ |

६२ **बढी दर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले दमकडा माध्यामिक विद्यालय भवनमा तल थप कार्यको लागि लागत अनुमान तयार गर्दा ढलान कार्य १:१.५:३ को पिसिसि गर्ने कार्यको मान्छेबाट हुने गरि प्रति घनमिटर रु. १५०९२ कायम गरेको छ । तर उपभोक्ता समितिले उक्त कार्य मेसिन प्रयोग गरी गरेको श्रेस्तामा संलग्न फोटोबाट देखिन्छ । मेसिनको

प्रयोग गर्दा १:१.५:३ को पिसिसि गर्ने कार्यको दर प्रति घनमिटर रु. १३०७८ कायम हुने देखिन्छ । जसबाट मेसिनले कार्य गरेको अवस्थामा मान्छेको प्रयोग हुने गरी तयार गरेको दरमा भुक्तानी भएकोले प्रति घनमिटर रु. २०१४ का दरले ८६.८४ घनमिटरमा रु. १७४८९६ बढी भुक्तानी भएको देखिन्छ । उक्त रकम असुल गरि संघीय संचितकोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४,८९६ |

६३ **टुडिखेल स्तरउन्नती -** नगरपालिकाले टुडिखेल स्तरउन्नती कार्यको मिति २०७९।०२।३० भित्र सम्पन्न गर्ने गरी मिति २०७७।०४।०६ मा रु.३ करोड ८२ लाख ९४ हजारमा श्री जय नेपाल ईश्वर निर्माण सेवा प्रालिसँग सम्झौता गरेकोमा मिति २०७९।०२।३० भित्र कार्य नसकिएको भनी सार्वजनिक खरिद नियमावलीको बाह्रौ संशोधन १२०(क) कमोजिम उक्त ठेक्काको म्याद २०८० जेष्ठ मसान्त सम्म थप भएको देखिन्छ । उक्त अवधि सम्म निर्माण व्यवसायिले रु. ३ करोड ५४ लाख ९१ हजारको मात्र कार्य सम्पन्न गरेकोमा अवस्थामा सार्वजनिक खरिद नियमावलीको ११७ अनुसार कार्यस्वीकार गरेको अवस्था छ । मिति २०८० जेष्ठ मसान्तबाट डीएलपी लागु भएको उक्त योजना लेखापरीक्षण अवधिसम्म संचालनमा आएको छैन । साथै नगरपालिकाले कार्येटीङ्ग(दुवो) बिग्रन सक्ने भनी अवस्थायी बार लगाई उक्त खेलमैदान प्रयोग गर्न निषेध गरेको अवस्था छ । साथै रु. ३३ लाख १२ हजार घटीको कार्य भएको अवस्थामा substantial रुपमा कार्यस्वीकार दिएको अस्थामा बाँकी कार्य गर्न पर्ने नपर्ने सो सम्बन्धमा अभिलेख राखेको समेत देखिएन । तसर्थ सार्वजनिक खरिद नियमावलीको नियम ११७ अनुसार सबस्टेन्सीयरका रुपमा कार्य स्वीकार दिएको अवस्थामा उक्त योजना प्रयोगमा आउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **पाठ्यपुष्तकको निकासा -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्था छ । पालिकाले यो वर्ष आफ्नो भित्रका ४९ विद्यालयमा पाष्ठपुस्तक अनुदान वापत प्रथम किस्ता ७५ प्रतिशत रु.३५९४२७३ र विद्यालयबाट विल तथा भरपाई पेश गरे पश्चात ३० विद्यालयलाई थप निकासा रु.८४०४३२ समेत गरी रु.४४३४७०५ निकासा दिएको छ । विद्यालयले उक्त रकम विद्यार्थिलाई नगद वितरण गरेको भरपाई पालिकामा पेश गरेका छन ।अधिकांश विद्यालयहरुले प्याब्सनले तयार गरेको पाठ्यपुस्तक पढाउने गरेकोले नगद वितरण गरिएको तथा पाठ्यक्रममा एकरुपताका लागि पालिकाले समितिबनाई मानव विकास केन्द्रले तयार गरेको पाठ्यक्रममा फरक नपर्ने गरि प्रकाशन तोक्ने कार्य भएको जानकारी लेखापरीक्षणको क्रममा प्राप्त भएको छ । पालिकाबाट निकासा भएको रकम विद्यालयले विद्यार्थिलाई नगद विरतण गरेकोले उक्त रकमबाट पुस्तक खरिद भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **नगद लागत सहभागीता -** तानसेन नगरपालिका उपभोक्ता समिति मार्फत संचालन गरीने योजना कार्यान्वयन कार्यविधि, २०७४ को बुदा नं. १५ मा उपभोक्ता समितिबाट संचालन हुने आयोजना तथा कार्यक्रम छनौट गर्दा नगद लागत सहभागित जुटने कार्याक्रमलाई प्रथामिकाता दिने उल्लेख छ । तर यस वर्ष देहाय अनुसार संख्यामा कार्य उपभोक्ता समितिबाट संचालन भएकोमा कुनै पनि योजनामा नगद लागत सहभागीता भएको देखिएन । तसर्थ कार्यविधिमा उल्लेख भए अनुसार नगद लागत सहभागीता जुटने आयोजना मात्र उपभोक्ता समितिबाट गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६६ **सुरक्षित नागरिक आवास -** सुरक्षित नागरिक आवास कार्यको सम्झौताको बुँदा नं.५ मा प्रथम किस्ता ६० प्रतिशत रकमबाट जस्ता तथा सहुलियत दरको काठ खरिद गरी निर्माण कार्य अघि बढाउने र बुदा नं.६ मा निर्माण कार्य सम्पन्न भए पश्चात बाँकी ४० प्रतिशत भुक्तानी हुने उल्लेख छ । नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सूरक्षित नागरिक आवास अन्तरगत यस वर्ष ५२ वटा घर निर्माण कार्य गर्नुपर्नेमा पालिकाले १७ वटा लाभग्राही छनौट गरेको छ । छनौट भएका १७ मध्ये १६ जना लाभग्राहीलाई आर्थिक वर्षको अन्तिममा प्रथम किस्ता वापत गोभौ ६६ र ७२ मिति २०८०।०३।२३ बाट प्रतिव्यक्ती रु.३० हजारका दरले रु.४८०००० निकासा दिएको छ । लाभग्राहीले उक्त रकमबाट सम्झौतामा उल्लेख भए अनुसार कार्य गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुमगन भएको देखिएन । तसर्थ पालिकाबाट निकासा भएको उक्त रकमबाट कार्य भए/नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **उपभोक्ता समिति दर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३७९ उपभोक्ता समितिसँग सम्झौता गरी रु १३ करोड ११ लाख ७५ हजारको कार्य गराई रु ११ करोड २७ लाख ४० हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **आन्तरिक नियन्त्रण प्रणाली र स्थानीय तहको सेवा प्रवाह तथा दीगो विकास लक्ष्य कार्यविधि सम्बन्धी परामर्श सेवा -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २९(क) मा सम्बन्धीत सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुने नसक्ने भएमा परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ । पालिकाले स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीको मस्यौदा तयार गर्न अर्किट मल्टी सर्भिस कल्सल्टेन्सी एण्ड ट्रेनिङ इन्सिच्युट प्रा लि सँग रु. ४६२६८० र स्थानीय तहको सेवा प्रवाह तथा दीगो विकास लक्ष्यसँग अध्ययन गर्न आरम्भ ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालिलाई रु.४९१५५० भुक्तानी गरेकोमा परामर्शदाता सेवा लिएकोमा आफ्नो जनशक्तिबाट हुननसक्ने विषय खुलाएको छैन । अतः आफ्नै जनशक्तिबाट हुनसक्ने कार्यमा परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **पूँजीगत शीर्षकबाट चालु खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। तर नगरपालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न कार्यक्रममा पूँजीगत शीर्षकबाट रु.५५८०२८७ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| **गो भौ नं.** | **मिति** | **खर्चको विवरण** | **खर्च रकम** |
|---|---|---|---|
| ६२९ | २०८०।०३।२४ | वडा नं.७ संचालन तथा बैठक भत्ता खर्च | १४३३०९ |

| | | | |
|---|---|---|---|
| ६२६ | २०८०।०३।२४ | ३ कृषि फर्म सहित ४ जनालाई घाँसका विरुवा खरिद | ३४३६०० |
| ६२५ | २०८०।०३।२४ | वडा नं.८ मा झोलुङ्गे पुल हेरालु | १२००० |
| ६२३ | २०८०।०३।२४ | वडा नं.१४ संचालन तथा बैठक भत्ता खर्च | १११२६५ |
| ६२२ | २०८०।०३।२४ | वडा नं.८ संचालन तथा बैठक भत्ता खर्च | ७४२४५ |
| ६२१ | २०८०।०३।२४ | वडा नं.६ संचालन तथा बैठक भत्ता खर्च | ११०६७० |
| ६२० | २०८०।०३।२४ | वडा नं.१२ संचालन तथा बैठक भत्ता खर्च | ६८०१० |
| ६१९ | २०८०।०३।२४ | वडा नं.२ संचालन तथा बैठक भत्ता खर्च | १०५३२५ |
| ६१६ | २०८०।०३।२४ | वडा नं.११ संचालन तथा बैठक भत्ता खर्च | ५१८४४ |
| ६१५ | २०८०।०३।२४ | वडा नं.९ संचालन तथा बैठक भत्ता खर्च | २३६४८ |
| ६१४ | २०८०।०३।२४ | वडा नं.१० संचालन तथा बैठक भत्ता खर्च | ११०६२५ |
| ६०८ | २०८०।०३।२१ | सवारी साधन मर्मत | १४३७१७ |
| ६०३ | २०८०।०३।२२ | नगरपालिका विविध खर्च | १०२७० |
| ६०२ | २०८०।०३।२२ | खानेपानी व्यवस्थापन | ८००० |
| ५९१ | २०८०।०३।२२ | अतिरिक्त समय खटीएका कर्मचारीलाई खाजा खाना खर्च | १६४०० |
| ५७३ | २०८०।०३।१९ | ४ जना पुल हेरालुको पारिश्रमिक | २४००० |
| ५५९ | २०८०।०३।११ | कर्णेल उजिर सिंह पाल्पा गोल्ड कप प्रतियोगिता | ४००००० |
| ५४८ | २०८०।०३।०७ | नगरपालिकाका सवारीसाधनलाईलाई ईन्धन खर्च उल्लेख गरी कर्मचारीहरुको ईन्धनको कुपन तथा विल समावेश | ३०५५२० |
| ५४६ | २०८०।०३।०७ | शारिरिक व्यायम जिम सामान खरिद | १९०६७६ |
| ५२९ | २०८०।०३।०४ | वडा नं.११ कार्यालय भवन उद्घाटन | ४५९६५ |
| ५०८ | २०८०।०२।३२ | वडा नं.३ बसन्तपुर जिम सामाग्री खरिद | १९२१०० |
| ४९२ | २०८०।०२।२९ | वडा नं.४ कार्यालय व्यवस्थापन र प्रेससल्लाकार कक व्यवस्थापन | ३३९०० |

| | | | |
|---|---|---|---|
| ४८७ | २०८०।०२।२७ | नगरपालिकाभित्र रहेका सहकारीहरुका लागि दुघ खरिद उपभोक्तालाई प्रतिलिटर रु.२ छुटका लागि अनुदान | १७९०१३८ |
| ४५५ | २०८०।०२।२० | वडा नं.९ र ११ कार्यालय फर्निसिङ्ग व्यवस्थापन | ३५६११८ |
| ४३७ | २०८०।०२।२८ | वडा नं.११ संचालन तथा बैठक भत्ता खर्च | ९७४६० |
| ३६१ | २०८०।०१।२७ | नगरपालिकाका सवारीसाधनलाईलाई ईन्धन खर्च उल्लेख गरी कर्मचारीहरुको ईन्धनको कुपन तथा विल समावेश | २७०४६० |
| १७२ | २०७९।११।१६ | नगरपालिकाका सवारीसाधनलाईलाई ईन्धन खर्च उल्लेख गरी कर्मचारीहरुको ईन्धनको कुपन तथा विल समावेश | ५४१०२२ |
| **जम्मा** | | | **५५८०२८७** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७० **नापी तथा कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल विद्युत प्राविधकरणले वडा नं. २ मा नाङ्गो तार फेरी केवल तार राख्ने कार्यको लागि रु. ३१५७६८ को लागत अनुमान तयार गरी रकम माग गरे बमोजिम पालिकाले गोभौ ५८५ मिति २०८०।०३।२० बाट उक्त रकम नेपाल विद्युत प्राधिकरणको धरौटी खातामा जम्मा गरेको छ । उक्त रकम जम्मा गर्ने सम्झौताको बुदा नं.६ मा उक्त रकमबाट कार्य गरी बचत रकम पालिकामा फिर्ता गर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधि सम्म कार्य भएको प्रमाण पेश भएको देखिएन । उक्त निकासा भएको रकम अनुसारको कार्य भएको नापी तथा कार्यसम्पन्न पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१५,७६८ |

७१ **उपभोक्ता समिति मार्फत संचालन गरीने योजना कार्यान्वयन कार्यविधि -** तानसेन नगरपालिका उपभोक्ता समिति मार्फत संचालन गरीने योजना कार्यान्वयन कार्यविधि, २०७४ मा देहाय अनुसार व्यवस्था रहेकोमा नगरपालिकाले उक्त व्यवस्थाहरु पलना गरेको देखिएन । पालिकालेकार्यविधिमा उल्लेख भएका देहाय अनुसारका व्यवस्थाहरुको पलना गर्नुपर्दछ ।

७१.१ बुदा नं. १६ मा उपभोक्ता समितिबाट संचालन हुने आयोजनाहरुमा नगरपालिकामा सुचिकृत भएका मेसिन औजार प्रयोग गर्नुपर्ने उल्लेख छ । तर उपभोक्ता समितिबाट संचालन भएका आयोजनाहरुमा प्रयोग भएका एक्साभेटर, डोजर, भाईब्रेटर, ग्रेडर, रोलर आदी पालिकामा सुचिकरण भएको भन्ने प्रमाण उपभोक्ता समितिको फाईलमा देखिएन । तसर्थ कार्यविधिको पालना गरी उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१.२ बुदा नं. १३ मा उपभोक्ता समितिमा रहने पदाधिकारीहरुले गत वर्षको नगरपालिकामा बुझाउनुपर्ने कर रकमहरु बुझएको हुनुपर्ने र लाभान्वित उपभोक्ताहरुले कार्यसम्पन्न हुदाँसम्म यस वर्षको करहरु अनिवार्य बुझाउनुपर्ने उल्लेख छ । तर श्रेस्तामा संलग्न उपभोक्ता समितिसम्बन्धी कागजातहरुबाट उक्त व्यवस्थाको पलना भएको देखिएन । तसर्थ कार्यविधिको व्यवस्था पालन गरी पालिकाको आन्तरिक श्रोत वृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१.३ बुदा नं. १४ मा उपभोक्ता समितिबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरुको हकमा उपभोक्ता समिति गठन गरी पहिलो चौमासिकमा सम्झौता गरी सक्नुपर्ने र उक्त समयभित्र उपभोक्ता समितिगठन गरी सम्झौता गर्न नआएमा पालिकाले अन्य माध्यमबाट आयोजना संचालन गर्ने उल्लेख छ । तर कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रतिकुलहुने गरी दोस्रो र तेस्रो चौमासिकमा योजनाहरुमा सम्झौता गरी भुक्तानी गरेको छ ।

सैद्धान्तिक बेरुजु

७१.४ बुदा नं. १७ मा उपभोक्ता समितिले तोकीएको काम भन्दा फरक पारी बढी कार्य गरेको देखाई अथवा कुनै आईटमको सट्टामा आर्को आईटमको कार्य पूरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग गर्न नपाई उल्लेख छ । तर कार्यालयले लागत अनुमान संशोधन वेगर देहायको योजनाहरु लागत अनुमानमा तोकएको भन्दा बढी आईटमहरुको कार्य बढी गरेको अवस्थामा स्वीकृत भेरियसन वेगर सम्झौता रकम भित्र रही भुक्तानी गरेको छ । कार्यवधि अनुसार निर्माण कार्य गराउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१.५ बुदा नं. २३ मा उपभोक्ता समितिबाट संचालन गरीने योजनाहरु श्रममुलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई प्रथामिकता दिने उल्लेख छ । तर नगरपालिकाबाट संचालन गरीएका आधिकांश योजनामा मेसिन उपकरणहरु प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी सोही बमोजिम कार्य भएको देखिन्छ । तसर्थ काविधिमा उल्लेख भए अनुसार श्रममुलक योजनाहरुमा उपभोक्ता समितिबाट गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१.६ बुदा नं. २५ मा वडा कार्यालयहरुले आयोजना एवं कार्यान्वयनमा संलग्न रहेका उपभोक्ता समितिहरुको अभिलेखा राखुपर्ने उल्लेख छ । तर वडाकार्यालयहरुबाट उक्त अभिलेख राखेको प्रमाण लेखापरीक्षणको क्रममा पेश भएन । कार्यविधिमा तोकीए बमोजिम उपभोक्ता समितिहरुको अभिलेख राखुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१.७ बुदा नं. ३६ मा उपभोक्ता समितिबाट आयोजना सम्पन्न भए पश्चात सोको रेखदेख तथा मर्मत संचारको जिम्म सहित उपभोक्ता समितिलाई योजना हस्तान्तरण गरिने उल्लेख छ । तर पालिकाले उपभोक्ता समितिहरुबाट कार्यान्वयन गरेका कुनैपनि योजना हस्तान्तरण गरेको देखिएन । कार्याविधिमा उल्लेख भए अनुसार योजना हस्तान्तरण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **दुधमा अनुदान -** नगरपालिका भित्रका सहकारी संस्थाहरुका लागि दुध खरिद उपभोक्तालाई प्रति लिटर रु.२ छुटका लागि अनुदान दिने सूचना पालिकाले मिति २०७९।१२।१९ मा प्रकाशित गरेको छ । जसअनुसार देहायअनुसार सहकारी संस्थालाई गोभौ ४८७ मिति २०८०।१२।२७ मा निम्मनुसार रकम रु.१७९०१३८ भुक्तानी दिएको छ । सुचनामा उपभोक्तालाई भन्ने शख्द पर्ने गयतापनि किसानलाई नं दिने उद्देश्य रहेको पालिकाले जनाएको छ । सोही उक्त रकमबाट देहाय अनुसारका सहकारीले कृषकलाई प्रतिलिटर रु.२ का दरले रकम बुझाएको भपाई पेश गरेका छन् भने निम्नानुसारका सहकारी संस्थाले रु.९२०६१४ कृषिकलाई बुझाएको भरपाई श्रेस्तामा संलग्न गरेको छैन । साथै प्रदेश सरकारबाट भेटेरीनरिबाट समेत प्रतिलिटर रु.२ का दरले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तरगत दुधमामा अनुदान दिएकोले उक्त अनुदानसँग दोहोरो परे नपरेको समेबन्धमा समन्वय गरी एकिकृत प्रणालीबाट अनुदान दिनेतर्फ ध्यान दिनु पर्दछ । तसर्थ स्वीकृत वार्षिक कार्यक्रम तथा सूचना अनुसार उपभोक्ताले दुध खरिदमा छुट पाउने गरी कार्यक्रम स्वीकृत भएकोमा कृषकलाई अनुदान दिएको नियमित देखिएन । तसर्थ देहाय अनुसार समुहले कृषकलाई बुझाएको भरपाई संलग्न हुनुपर्ने रु

| **क्र.सं.** | **सहकारी संस्था** | **कृषक संख्या** | **दुध लि.** | **अनुदान रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | अर्गाली दुग्ध उत्पादक समुह | २७ | ३८५०३ | ७७००६ | कृषकलाई वितरण गरेको भपाई नभएको |
| २ | लुहुङ्ग दुग्ध उत्पादक सहकारी संस्था लि. | १०३ | २२७६११ | ४५५२२१ | कृषकलाई वितरण गरेको भपाई भएको |
| ३ | डुम्रे दुग्ध उत्पादक सहकारी संस्था लि. | ७० | २४७०१७ | ४९४०३४ | कृषकलाई वितरण गरेको भपाई नभएको |
| ४ | तानसेन दुग्ध उत्पादक कृषि समुह | ४१ | २९९१५ | ५९८३० | कृषकलाई वितरण गरेको भपाई नभएको |
| ५ | नयाँयुग कृषि सहकारी संस्था लि. | ७९ | ६९६८३ | १३९३६६ | कृषकलाई वितरण गरेको भपाई नभएको |
| ६ | मिलनसार सामाजिक उद्यमि महिला सहकारी संस्था लि. | ३४ | २०६०५ | ४१२०९ | कृषकलाई वितरण गरेको भपाई भएको |
| ७ | चिनारी दुग्ध उत्पादक सहकारी संस्था लि. | २७ | १८६५४७ | ३७३०९४ | कृषकलाई वितरण गरेको भपाई भएको |
| ८ | चवन वारी दुग्ध उत्पादक सहकारी संस्था लि. | ७४ | ७५१८९ | १५०३७८ | कृषकलाई वितरण गरेको भपाई नभएको |
| | जम्मा | ४५५ | ८९५०६९ | १७९०१३८ | |

| | |
|---|---|
| अनियमित भएको | ९,२०,६१४ |

७३ **सब्सटेन्सियल वर्क कम्पिल्ट -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था अनुसार यस पालिकाले तपिशल बमोजिमका योजनाको ठेक्का सम्झौता अनुसारको केही कार्य गर्न बाँकी रहेको अवस्थामा कार्य स्वीकार गरेको छ । साथै नगरपालिकाले भेरियसन गरी परिमाण समेत नघटाएको अवस्थामा उक्त कार्य गर्न नपर्ने अवस्था रहेको देखिदैन । साथै खरिद नियमावली बमोजिम कार्य स्वीकार दिएको अवस्थामा बाँकी कार्य गर्ने पर्ने अवस्थामा आउट स्टान्डिङ्ग वर्कको लिस्ट तयार समेत गरेको देखिएन । पुनः कार्यक्रम तथा बजेट व्यवस्था नभएकोले समेत कानुन अनुसार कार्यस्वीकार दिएको पालिकाको भनाई रहेको छ । तसर्थ पालिकाले ठेक्का सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नु पर्दछ ।

| क्र.सं. | ठेक्का नं | योजना | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य सम्पन्न दिएको रकम | बाँकी |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०७९-०८० | पोहधारा आपटारी ओमपार्क सडक | शंखध्यनी निर्माण सेवा | ७१४७००० | ६४४१३०६ | ७०५६९५ |
| २ | ०८/२०७९-०८० | डुम्रे सुडाडा गुफाचौर सडक | नमस्ते नेपाल कन्ट्रक्सन | ३३११३६९ | २९८८९१९ | ३२२४४९ |
| ३ | ०४/२०७९-०८० | साविकको नगरपालिका माथि ट्रस निर्माण | अमरराई पोखरेल जेभी | २९६९८८९ | २७७५८८३ | १९४००६ |
| ४ | १४/२०७९-०८० | गैरागाउँ चण्डीस्थान समुदायिक भवन | रामदेवी डिजाईन एण्ड विल्डर्स | १७४०२३४ | १५९०४७६ | १४९७५८ |
| ५ | १३/२०७८-०७९ | वडा नं. १ कार्यालय | आर एण्ड सिभिल कन्ट्रक्सन | ८०६३७८७ | ७६६४९९६ | ३९८७९१ |
| ६ | ०९/२०७६-०७७ | टुडिखेल स्तरउन्नती | जय नेपाल ईश्वर निर्माण सेवा प्रालि | ३८२९४००० | ३५४९१२६५ | २८०२७३५ |
| | | | **जम्मा** | **६१५२६२७९** | **५६९५२८४५** | **४५७३४३४** |

सैद्धान्तिक बेरुजु

७४ **बढी दर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्य दर विश्लेषण गर्दा एम १५ को दर प्रतिघनमिटर रु.१०००१.९८ हुने उल्लेख गरेकोमा गोभौं ४९९ मिति २०८०।०२।२९ मा बतासे डाँडा भित्री बाटो निर्माण कार्यमा प्रति घनमिटर रु.१२१४९.२० का दरले भुक्तानी दिएको छ । दर विश्लेषण भन्दा प्रति घनमिटर रु.२१४७.२२ का दरले ८.७ घनमिटरमा रु.१८६८१ बढी भुक्तानी भएको छ । बढी भुक्तानी रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,६८१ |

७५ **जटिल प्रकृतिको कार्य समितिबाट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ

। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **पर्खालमा बढी दर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने तथा नियम ९७ वमोजिम १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्य अन्तर्गत सामान्यतया ४ फिटको स्टोन मेसिनरी वालको कार्य गर्दा स्काफोल्डीङ्ग आवश्यक नपर्नेमा सो सम्मको उचाई भएको वालमा समेत स्काफवल्डीङ्ग सहितको दर प्रयोग गरी १:४ को स्टोन वालमा प्रतिघनमिटर रु.४५१.७९ र १:६ को स्टोन वालमा प्रति घनमिटर रु. ४२०.५४ का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने हुदाँ देहाय अनुसार योजनामा बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| **गो भौ नं.** | **उपभोक्ता समितिको नाम** | **परिमाण** | **प्रयोग दर** | **प्रयोग गर्नुपर्ने दर** | **बढी दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| ५९० | चण्डीटोल पोषणपाखा तल्लो डुम्रे सडक | २१.५५ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ९७३६.०७ |
| ५६० | पिपलडाँडाँ तिनाउ मोटरबाटो | १५.९५ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ७२०६.०५ |
| ५४४ | छेलुङ्ग जाने मोछरबाटो देखि वडा कार्यालय भवन जाने बाटो | २०.६७ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ९३३८.५ |
| ५१५ | प्रभास गणशाल सूरुङ्गतुङ्ग आमडाँडा बडर मो.बा | २१.९२ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ९९०३.२४ |
| ४८९ | आपचौर देखि बनपाले सम्म ग्राभेल, रिटेनिङ्ग वाल | १३.७२ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ६१९८.५६ |
| ४८५ | गणेश टोल विकास भवन देखि राम ब. घर जाने बाटो | ४२.९ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | १९३८१.७९ |
| ४८० | चुईकने पिपल देखि बोकेपानी मोबा | ६९.८४ | ९५३८.५४ | ९०८६.७५ | ४५१.७९ | ३१५५३.०१ |
| ४६३ | मैवा डाडा मोबा | १५.२ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ६८६७.२१ |
| ४६१ | चणडीस्थान हुदै चण्डीबाटो स्तरउन्नती | १६.९६ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ७६६२.३६ |
| ४४७ | पुरानो कर कार्यालय माथी शान्ति झेडीको घर बाटो | ९.५२ | १०४५७.७४ | ९३१६.८३ | ११४०.९१ | १०८६१.४६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९० | बुडीकुवा जुम्लीबारि भगाहा पोखरा धैरेनि बाहुनखोला | ३२.५७ | ९५३८.५४ | ९०८६.७५ | ४५१.७९ | १४७१४.८ |
| ३४१ | श्रीनगर जाने बाटो मुनी अधुरो वाल | ४४.२७ | १०९५८.८ | ९३१६.८३ | १६४१.९७ | ७२६९०.०१ |
| ३२९ | नयाँपाटी वडा कार्यालय तल्ली पिपल | १७.७५ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | ८०१९.२७ |
| २८० | डुम्रिको रुखदेखी चौरेटोल करीडोर हुदै तारा घर्ती घर जाने मोबा | ९६.४८ | ८८७८.०९ | ८४५७.५५ | ४२०.५४ | ४०५७३.७ |
| २७० | कमल पोखरी सरसपाई तथा गुफा संरक्षण | ३४.१४ | ८८७८.०९ | ८४५७.५५ | ४२०.५४ | १४३५७.२४ |
| २४९ | बौद्ध टोल अगाडी अधुरो वाल | १९.०८ | ९५३८.५४ | ९०८६.७५ | ४५१.७९ | ८६२०.१५ |
| २२१ | देउली कोकल देउराली मोबा | ४२.७८ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | १९३२७.५८ |
| २१९ | परौठा हाउस देखी घुम्ती बाटो | १९.९७ | ९५३८.५४ | ९०८६.७५ | ४५१.७९ | ९०२२.२५ |
| १९३ | बर्तुङ्ग बाटो निर्माण समिति | २९.१५ | ९३९४.२३ | ८९७३.६९ | ४२०.५४ | १२२५८.७४ |
| १५९ | भानुदास चौपारी देखि सुन्दर थापाको घर | ३१.०९ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | १४०४६.१५ |
| १२७ | माथिल्लो पक्लुवा चौपारी देखि खेलमैदान हुदे रिङ्गरोडसम्म | २३.८३ | ९७६८.६२ | ९३१६.८३ | ४५१.७९ | १०७६६.१६ |
| १२५ | ढुंगाखानी रानीकुवा ति लाकुरी | ३८.५४ | ९५३८.५४ | ९०८६.७५ | ४५१.७९ | १७४११.९९ |
| | जम्मा | | | | | ३६०५१६.२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६०,३१८.७६ |

७७ **ह्युम पाईप नघटाएको -** पर्खालको परिमाण गणनाको लागि नापी तयार गर्दा पर्खालमा रहेका ओपनिङ्गहरुलाई घटाउनु पर्दछ । नगरपालिकाले गोभौ ४८० मिति २०८०।०२।२६ बाट चुईकने पिपल देखि बोकेपानी मोटरबाटो उपभोक्ता समितिलाई रु.९५८६४९ भुक्तानी दिएकोमा उक्त सडकमा ढुंङ्गाको वालको परिमाण गणना गर्दा ह्युमपाईपले ओगेटेको क्षेत्रमा ओपनिङ्ग घटाउनुपर्नेमा घटाएको देखिएन । ९०० डायाको र ६०० डायाको गरी दुई ह्युमपाईपले ओगटेको २.०८ घनमिटर परिमाण कुल पर्खालको परिमाणबाट नघटाई भुक्तानी भएकोले प्रति घनमिटर रु.९५३८ का दरले रु.१९८३९ बढी भुक्तानी भएको छ । उक्त रकम असूल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,८३९ |

७८ **सब बेसमा बढी दर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण कार्य अन्तरगत सब बेसको दर विश्लेषण गर्दा नर्म्स नं १२०१ अनुसार सब बेसको परिमाण कम्प्याक्सन सहितको ३८४ घनमिटर रहेकोमा लुज ग्राभेलको दर विश्लेषण गर्दा समेत कमप्याक्सनको दरबाट गरेकोले देहाय अनुसार योजनामा प्रतिघनमिटर रु. ५६० का दरले बढी हुने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिलाई लागत अनुमानकै दरमा भुक्तानी हुने हुदाँ देहाय अनुसार योजनामा बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| **गो भौ नं.** | **मिति** | **उपभोक्ता समितिको नाम** | **परिमाण** | **बढी दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| ५९० | २०८०।०३।२१ | तिनकुने म्यालडाँडा मोबा | १०२.२१ | ५६० | ५७२३७.६ |
| ४३१ | २०८०।०२।१७ | चण्डीटोल पोषणपाखा तल्लो डुम्रे | ९०.३८ | ५६० | ५०६१२.८ |
| ४१४ | २०८०।०२।१४ | वडा कार्यालय गणशाल मोबा | ७८.५८ | ५६० | ४४००४.८ |
| | | जम्मा | २७१.१७ | ५६० | १५१८५५.२ |
| | | | | असुल गर्नुपर्ने | १,५१,८५५.२ |

७९ **सम्पत्ति कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा पालिकाले अफ्नो अधिकार क्षेत्रभित्र सम्पत्तिकर लगाउन सक्ने व्यवस्था छ । यो वर्ष पालिकाले रु. ७५००००० सम्पत्तिकर प्राप्त हुने अनुमान गरेकोमा रु. ६०४१७६०।७४ असुल भई लक्ष्य भन्दा न्यून प्राप्ती भएको देखिन्छ । कार्यालयबाट प्राप्त विवरण अनुसार प्रमुख करदाताको विवरण हेर्दा व्यक्तिगत सम्पत्ती कर तर्फ चन्द्रलक्ष्मी कक्षपतीले आर्थिक वर्ष ०७५।७६ मा रु १०४४२३ र सूर्य कुमारी थापाले रु ४०५०० सम्पत्ती कर रकम पालिकामा वुझाएकोमा सो पश्चात वुझाएको देखिएन । त्यस्तै गंगा देवी कसजुले आर्थिक वर्ष ०७८।७९ र भगवती कसजुले आर्थिक वर्ष ०७६।७७ मा सम्पत्ती कर बुझाएको देखिएन । यसरी करदाताले १ वर्ष कर बुझाई ततपश्चात नबुझाएको एवं अघिल्लो आर्थिक वर्षको कर नबुझाएको अवस्थामा पछिल्लो आर्थिक वर्षको कर मात्र असुल गरेको देखियो । त्यस्तै संस्थागत तर्फ मिलेनियम उच्च माविले आर्थिक वर्ष ०७५।७६ मा कर वुझाएकोमा ०७६।७७ मा नबुझाइ तत्पश्चात बुझाएको देखिन्छ । त्यस्तै होटल श्रीनगर र नेपाल करुणा सेवा समाजले आर्थिक वर्ष ०७९।८० को कर तिरेको देखिएन भने राष्ट्रिय बाणिज्य बैंकले आर्थिक वर्ष ०७८।७९ र ०७९।८० को कर बुझाएको देखिएन ।

| **ब्यक्तिगत तर्फ** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रसं | करदाता नं | करदाता | ०७५।७६ | ०७६।७७ | ०७७।७८ | ०७८।७९ | ०७९।८० |
| १ | ४९८० | चन्द्रलक्ष्मी कक्षपति | १०४४२२ | - | - | - | - |
| २ | ७५६३ | पुरन मानबज्राचार्य | ६७१०९ | ४६६४४ | ४६६४४ | ४६६४४ | ४६६४४ |
| ३ | ४४५६ | सूर्यकुमारी थापा | ४०५०० | - | - | - | - |
| ४ | ९२८६ | निर्मलश्रेष्ठ | ४०००० | ३६००० | ३६००० | ३६००० | ३६००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ८६५७ | गंगा देवीकसजु | ३८६०० | ३५१०० | ३८६०० | - | ३५१०० |
| ६ | १०२८९ | भगवती कसजु | ३५००० | - | ३५१०० | ३५००० | ३५००० |
| **संस्थागत तर्फ** | | | | | | | |
| १ | ७२२४ | युनाइटेडमिसन अस्पताल | ३२६७६ | ३२४३४० | ३२४३४० | ३२४३४० | ३२४०५८ |
| २ | ७५४९ | लुम्बिनिमेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल | २६३५७५ | २५८७१७ | २५८७१७ | २५८१९७ | २५८१९७ |
| ३ | ७१५ | मिलेनियमउच्च मा वि | ९९९२३ | - | ९९९२३ | ९९९२३ | १००१४७ |
| ४ | ७४३७ | नेपालटेलिकम | ८५२३० | ६६४९३ | ६६४९३ | ७३८८२ | ६६४९३ |
| ५ | २७३६ | होटलश्रीनगर | ४०५०० | ४०५०० | ३५११८ | ३९०२० | - |
| ६ | १०७४८ | राष्ट्रिय-बाणिज्य बैंक | २५००० | २५००० | २०००० | - | - |
| ७ | १०३७२ | नेपालकरुणा सेवा समाज | - | - | - | ६५८१८ | - |

पालिकाले आफ्नो क्षेत्रभित्रका सबै करदाताको अभिलेख व्यवस्थापन गरी सम्पत्ति करको अनुमान गरेको तथा कर असुल गरेको देखिएन । समयमा कर असुल गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८० **बहाल कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको राजश्व सुत्रप्रणाली अनुसार रु १००४५८४४ असुल भएको देखिन्छ । पालिकाले उपलब्ध गराएको विवरणबाट गत विगत वर्ष देखि २०७९।८० सम्म निम्नानुसार वहालकर उठ्न बाँकी देखिएको छ । उक्त रकममा व्याज समेत हिसाब गरी असुल गर्नुपर्दछ रु

| क्र सं | बहालमालिनेको नाम | हालसम्म प्राप्तहुन बाँकी कुल जम्मा | गत वर्षको | २०७९।८० को |
|---|---|---|---|---|
| १ | भिम कुमारीशाक्य | ५७६५०० | ५७६५०० | ० |
| २ | पर्शरामपौडेल | ५१३१९९ | ५१३१९९ | ० |
| ३ | दिपेशमानबज्राचार्य | ९५००० | ३५००० | ६०००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | महेन्द्रप्रसाद भट्टराई | १३६४०० | १३६४० | १२२७६० |
| जम्मा | | १३४००२० | ११३८३४० | १८२७६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२,७६० |

८१ **बाँडफाँड नभएको -** प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा अनुसूची ६ अनुसारको दरमा गिट्टी, ढुङ्गा, बालुवा बापत सङ्कलित कर संकलन गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषदले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले ढुङ्गा, गिट्टी, बालुवा लगायत प्राकृतिक श्रोतको बिक्रीबाट रू.२८३०३०४ आम्दानी गरेको छ । उक्त रकममध्ये रू. १३५९७०६ मात्र विभाज्य कोषमा दाखिला गरी बाँडफाँड गरेको छ । नेपाल सरकारको आर्थिक ऐन, २०७५ को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ च (३) (४) मा ढुङ्गा, गिट्टी र बालुवाको करमा दोहोरो अधिकार रहने, करको दरसम्बन्धी स्थानीय तहले संकलन गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गरी दफा ६२(क) मा स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेकोले उक्त रकम बाँडफाँट भएको छैन । तसर्थ तीनै सरकारको अन्तर समन्वय गरी राजस्व बाँडफाँट नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८२ **मुल्य अभिवृद्धी कर -** पालिकाले ढुंगा गिट्टी बालुवा वापत वडा तथा पालिकाबाट असूल भएको रकम अन्य श्रोतबाट प्राप्त रोयल्टी अन्तर्गत यस वर्ष रु.२८३०३०४ असूल गरेको छ । उक्त रकममा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धी कर रकम रु.३२५६१० संघीय संचितकोष दाखिला गरेको देखिएन । उक्त रकम दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२५,६१० |

८३ **पार्किङ् शुल्क -** पालिकाबाट प्राप्त विवरण अनुसार विगत वर्षहरुमा ठेक्का व्यवस्था भएको पार्किङ् शुल्क वापत निम्न व्यक्तिबाट उठ्न बाँकी रकम देखिएकोले उक्त रकम व्याज सहित असुल गर्नुपर्दछ ।

| पार्टि वा व्यक्तिको नाम | आय क्षेत्र | रकम |
|---|---|---|
| विन्दवाशिनी निर्माण सेवा | सडकपार्किङ शुल्क | ३६०००० |
| पुरन सिलुवाल | श्रीनगर पार्किङ शुल्क | ३७५००० |
| **जम्मा** | | **७३५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३५,००० |

८४ **आय ठेक्का -** कार्यालयले यस वर्ष कालीगण्डकी नदी तथा तीनाउ खोलाको IEE गरी गोभौ २१० मिति २०७९।११।२० बाट लुम्बीनी सामाजिक विकास केन्द्रलाई रु.२९४९३० भुक्तानी दिएको छ । उक्त परामर्शदाता मिति २०७९ पौषमा प्रतिवेदन दिएको छ । उक्त प्रतिवेदनमा असोज १ देखि जेष्ठ मसान्त सम्म २७० दिनमा १९६७७३ घनमिटर संकलन गर्न सकिने उल्लेख छ । सो अनुसार २०७९ माघ देखि २०८० जेष्ठ मसान्त सम्म १०९३१९ घनमिटरको प्रति घनमिटर रु. २४० का दरले रु.२६२३६५६० आय प्राप्त हुनसक्नेमा ठेक्का व्यवस्थापन गरेको छैन । काली गण्डकी नदीको प्राकृतीक बहाब र पर्यावरण प्रतिकुल हुने गरी नदी जन्य पदार्थ उत्खनन, शालिग्राम चोरी निकाशी तथा विनाश गर्ने कार्य भएको भनी उक्त कार्यलाई रोक्न नदी क्षेत्र पर्ने पालिका, जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाई मिति २०७८।०३।२९ मा सम्मानीत सर्वोच्च अदालतमा ६-२०७७-wo-१२५६ नम्बरको रिट दर्ता गरेकोमा सम्मानीत अदालतबाट मिति २०७८।०३।३० मा अन्तरिम आदेश भएकोले ठेक्का व्यवस्थापन हुननसकेको पालिकाले जनाएको छ ।

सैद्धान्तिक बेरुजु

८५ **नक्सा पास -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ देखि ३९ मा स्थानीय तह भित्र नक्सा पास नगरी घर टहा बनाउने नपाईने व्यवस्था छ । पालिका बाट प्राप्त तथ्यांक अनुसार पालिका क्षेत्रभित्र संस्थागत घर २२२, पक्की घर ४२४२ र आफ्नै घर १००६१ गरी कुल १४७८२ वटा घर भएको देखिन्छ । तर हालसम्म २०७३ साल भन्दा अघि १०७१ वटा घरको अभिलेखिकरण तथा हालसम्म १५३ घरको नक्सा पास समेत १२२४ वटा घरको नक्सा पास भएको छ। साथै पालिकाको आर्थिक ऐन २०७९ को अनुसूची १२ मा घर नक्सा अभिलेखिकरण प्रमाण पत्र वापत प्रति घर रु.४००० लाग्ने उल्लेख छ । उपरोक्त विवरण अनुसार यस पालिका भित्र कुल १४७८२ घर भएकोमा कुल १२२४ वटा घरको नक्सा पास तथा अभिलेखिकरण भएकोमा १३५५८ घर नक्सापास तथा अभिलेखिकरण भएको देखिएन । ऐनमा तोकीए बमोजिम घर नक्सा पास गरी राजस्व प्राप्त गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८६ **सटर बहाल -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ बमोजिम तानसेन नगरपालिकाले आफ्नो आफ्नो अधिकार क्षेत्रभित्र बहालकर लगाउन सक्नेछ। तानसेन नगरपालिकाको आर्थिक ऐन २०७९।०८० दफा ४ बमोजिम नगरपालिका क्षेत्रभित्रका घर पसल गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पुरै वा आशिंक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा कर लगाउन सक्नेछ। देहायका व्यक्तिको रकम यस आ.व. सम्म असुल नभएको हुदा यकिन गरी असुल गर्नुपर्ने देखिन्छ। त्यस्तै संग्लग्न विभिन्न २४ व्यवसायीको टंकी वहाल कर समेत नउठेको हुदा बक्यौता रकम उठाउनु पर्ने रु

| क्र.सं. | व्यवसायीको नाम | ०६५।६६ सम्म बक्यौता | ०६६।६७ | ०७७।७८ | ०७९।८० सम्मकोबक्यौता | ०७९।८० |
|---|---|---|---|---|---|---|
| १ | जन पुकार वस्नेत | १०६०० | २४०० | २४०० | १५६४०० | ९००० |
| २ | हाजी गबुले मिया | ० | ० | ० | २११५०० | १३५०० |
| ३ | प्रेम बहादुर शाक्य | ० | ० | ० | २११५०० | १३५०० |
| ४ | बुद्दरत्न शाक्य | ० | ० | ० | २८२००० | १८००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | धन प्रसाद अशोक प्रसाद उदय | ० | ० | ० | २८२००० | १८००० |
| ६ | ईसुफ मिया | ० | ० | ० | २११५०० | १३५०० |
| ७ | सदिशचन्द्र श्रेष्ठ | ० | ० | ० | २११५०० | १३५०० |
| ८ | चन्द्र लक्ष्मी श्रेष्ठ | ० | ० | २७०० | २१४२०० | १३५०० |
| ९ | दिनेशमान मलेगो | ० | ० | २४०० | २१३९०० | १३५०० |
| १० | सिहंमान लिगल | ० | ० | ३००० | २५६८०० | १६२०० |
| ११ | गणेशमान श्रेष्ठ | ० | ० | ० | १४०० | १४०० |
| १२ | मंगल नारायण नापित | २४०० | १२०० | १२०० | १०३५०० | ६३०० |
| १३ | विजय कुमार श्रेष्ठ | ० | ० | ० | १४०० | १४०० |
| १४ | दुर्गा बहादुर नापित | ० | ० | ० | १४०० | १४०० |
| १५ | युगल प्रसाद सैजु | ४८०० | १२०० | १२०० | १४८२०० | ९००० |
| १६ | फातु विवि मिया | ३३५० | १५०० | १५०० | २१७८५० | १३५०० |
| १७ | गणेश प्रसाद नेपाली | १७६७० | ३६०० | ३६०० | ३०६८७० | १८००० |
| १८ | अमिर खान | ० | ० | ० | २०७००० | १३५०० |
| १९ | सानुमान श्रेष्ठ | १७३१४ | ३३०० | २१८८ | २३४३०२ | १३५०० |
| २० | सुर्य कुमारी लिगल | ० | ० | ० | ७०५०० | ४५०० |
| २१ | शितल देवी लिगल | ० | ० | ० | ११८५०० | ४५०० |
| २२ | स्वयम्भूमान शाक्य | १६०१२.५ | ३९०० | ३९०० | ३०५८१२.५ | १८००० |
| | **जम्मा** | **७२१४६.५** | **१७१००** | **२४०८८** | **३९६८०३५** | **२४७२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७,२०० |

८७ **विभाज्य कोष** - नेपालको संविधान अनुसार खानी क्षेत्र बाहेक प्राकृतिक श्रोतको विक्री वितरण स्थानीय तह र प्रदेश सरकारको साझा क्षेत्राधिकारमा रहेको छ । सोही अनुसार बाँडफाँट हुने क्षेत्रको दर प्रदेश सरकारबाट निर्धारण हुने तथा स्थानीय तहले संकलन गरी विभाज्य कोषमा आम्दानी बाँध्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन तथा प्रदेश आर्थिक ऐनले गरेको छ ।तर पालिकाले ढुंगा गिटी वालुवा लगायतको बिक्रीबाट यस वर्ष रू. २८३०३०४ आम्दानी

गरेकोमा विभाज्य कोषमा रु.१३५९७०६ मा दाखिला गरेको छ । बाँडफाँड हुने रकम विभाज्य कोषमा दाखिला गरी बाँडफाँट पश्चात् मात्र आन्तरिक श्रोत दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८८ **अधुरो निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । पालिकाले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण नगरी कार्यपालिकाबाट म्याद थप गर्ने निर्णय गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिंदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । म्याद थप भए पश्चात पनि कार्य सम्पन्न नभएका केही उदाहरणहरु निम्नानुसार छन ।

| ठे.नं. | निर्माणकार्य | निर्माणव्यवसायि | सम्झौतारकम | सम्झौता मिति | सूरु सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछि सम्पन्नगर्नुपर्ने मिति | कार्यभएको |
|---|---|---|---|---|---|---|---|
| ८-२०७६।७७ | टक्सारबनदेवी बतासे देखि ढुङ्गखानी सडक | महादेवखिम्ती श्रेस्ठ आन्जन जेभी | २९७६८३७६ | २०७७।०१।२१ | २०७९।०३।१० | २०८०।०३।३१ | २४८३००६८ |
| १४-२०७७।७८ | वडा नं.१२र १३ एक वडा १ किमि कालोपत्रे | साईकन्ट्रक्सन प्रालि | १२३०३७४७ | २०७८।०३।३१ | २०७९।०३।१५ | २०८०।०१।३० | ४६४९८४३ |
| १६-२०७७।७८ | औद्योगि ग्राम वरीपरी वाल लगाउने | बसन्त निर्माण सेवा | ५७८३८७३ | २०७८।०३।२४ | २०७९।०३।१५ | २०८०।०१।२७ | ४८७२८९५ |

सैद्धान्तिक बेरुजु

८९ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेखम .ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९० **पूर्व निर्धारित क्षतिपूर्ती -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । देहाय अनुसार निर्माण कार्यको निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको जिसिसि ५५.१ मा निर्माण कार्य समयमै सम्पन्न नभएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ती लाग्ने उल्लेख छ । साथै मिति २०८०।०१।१५ मा तोकीएको समयभित्र कार्य सम्पन्न गर्न पालिकाले निर्माण व्यवसायिलाई निर्देशन पनि दिएको छ । तर निर्माण व्यवसयिबाट निर्माण कार्य समपन्न नभई लेखापरीक्षण अवधि २०८०।०५।२० सम्म समेत अधुरो रहेको देखियो । तसर्थ सम्झौतामा उल्लेख भए बमोजिम निर्माण कार्य सम्पन्न हुन नसकेको मनासिव कारण सहित म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा देहायअनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

| क.सं. | निर्माण कार्य | निर्माण व्यवसायि | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | कार्य भएको | आ.व.को अन्तसम्म | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लुहुङ्ग जोर्ते सडक (समपुरक) | आरव एण्ड कम्पनी | २०८०।०२।३० | ३६५९४३४ | २१७१३१० | ३१ | ५६७२१ |
| २ | लक्ष्मी मावि वाईपास सडक (समपुरक) | सिलवाल कन्ट्रक्सन | २०८०।०२।३० | ४०५९८५० | २७०८९७२ | ३१ | ६२९२८ |
| ३ | करुवाटोल कारागार जैसीचौपारी सडक (समपुरक) | जीवन एण्ड ब्रदर्श | २०८०।०२।१५ | ४२७०१९५ | २२९९९२७ | ४५ | ९६०७९ |
| ४ | पोहलधार आपटारी ओमपार्क सडक (समपुरक) | वावा कन्ट्रक्सन | २०८०।०२।३० | ४००६९८२ | ९८३२६८ | ३१ | ६२१०८ |
| ५ | वडा नं.१२ र १३ एक वडा १ किमि कालोपत्रे | साई कन्ट्रक्सन प्रालि | २०८०।०१।३० | १२३०३७४७ | ४६४९८४३ | ६१ | ३७५२६४ |
| ६ | औद्योगि ग्राम वरीपरी वाल लगाउने | बसन्त निर्माण सेवा | २०८०।०१।२७ | ५७८३८७३ | ४८७२८९५ | ६३ | १८२१९२ |
| | | | जम्मा | **६३८५२४५७** | **४२५१६२८३** | | ८३५२९३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३५,२९२ |

९१ **बगाले खेल मैदान -** नगरपालिकाले बगाले खेल मैदानको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने दुरदर्शी ईन्जिनियरिङ्ग सँग सम्झौता गरेकोमा उक्त खेल मैदानको कुल लागत रु. २१ करोड ९ लाख ३९ हजारको हुने प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदनमा उल्लेख भएको मध्ये यस वर्ष संघीय समपुरकबाट बजेट प्राप्त भए बमोजिम पालिकाले रु.२१७०५६६४ को लागत अनुमान तयार गरि रु.१ करोड ९४ लाख ५१ हजारमा मिति २०८१।०२।१५ भित्र सम्पन्न गर्ने गरी मिति २०८०।०२।२८ मा सम्झौता गरेको छ । हाल विनियोजन भएको बजेटलाई आधार मानी तुलना गर्दा खेलमैदान सम्पन्न हुन करीब १० वर्ष भन्दा बढी समय लाग्ने अवस्था छ । तसर्थ पालिकाले आफ्नो आन्तरिक आय तथा स्रोतको सुनिश्चता हुने खालको योजना संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९२ **गुणस्तर -** निर्माण व्यवसायीसंग भएको सम्झौताको General Condition to Contract को ४१ मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परिक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । पालिकावाट गरिएका सबैजसो सडक तथा भवन निर्माण कार्यमा निर्माण व्यवसायीवाट Quality Assurance Plan (QAP) पेश नभएको तथा परीक्षण कार्यको अभिलेख नराखेकोले आवश्यक मात्रा तथा संख्यामा गुणस्तर परीक्षण भएको सम्बन्धमा यकिन गर्न सकिने अवस्था छैन । अतः सडक संरचना निर्माण तथा स्तरोन्नति कार्यमा प्रयोग गरिने कंक्रिट, ग्याबियन, सव-वेस तथा बेसकोर्स लगायतमा अपेक्षित गुणस्तर कायम गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९३ **त्रुटि सच्चाउने अवधि -** खरिद सम्झौताको खण्ड "सी" को ४२ मा समेत योजनाहरुको त्रुटि सच्चाउने अवधि सम्बन्धी अभिलेख राखि देखिएका समस्या तथा त्रुटिहरु उक्त अवधिमा सम्बन्धित निर्माण व्यवसायीबाट सच्चाउने लगाउने व्यवस्था छ । पालिकाले विगतमा निर्माण सम्पन्न भएका तथा यस वर्ष सम्पन्न भएका १४ योजनालाई त्रुटि सच्चाउने अवधि उल्लेख गरी अभिलेख राखेको छैन । जसले गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार वनाउन नसकिने र त्यस्ता योजनाहरुमा त्रुटि सच्चाउने अवधि भित्रै थप लगानी गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने देखिन्छ । अत; त्रुटि सच्चाउने अवधिमा रहेका योजनाको अभिलेख अद्यावधिक गरी राख्ने एवम् सो अनुरुप अनुगमन गरी देखिएका समस्या र त्रुटिहरु सच्चाउने व्यावस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९४ **पेश्की फर्छ्यौट -** कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको स्पेशल कन्डिसन आप कन्ट्रयाक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात रनिङ्ग विल भुक्तानीको २० प्रतिशतका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्छ्यौट गरी सक्नुपर्ने उल्लेख छ । तर कार्यालयले देहायअनुसार ठेक्कामा सम्झौतामा उल्लेख भए अनुसार पेश्की फर्छ्यौट नगरी ढिलो पेश्की फर्छ्यौट गरेको छ । समयमै पेश्की फछ्यौट गरिनुपर्दछ ।

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने | पेश्की फर्छ्यौट गर्नुपर्ने मिति | पेश्की फर्छ्यौट भएको मिति | पेश्की फर्छ्यौट जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| ७-२०७९।८० | दमकडा मावि क्यान्टिन तथा लाईवेरी भवन | शिव निर्माण सेवा | २०७९।९।१ | २०८०।३।१५ | २०८० बैशाख | २०८०।२।२२ | ३७००००० |
| १४-२०७७।७८ | वडा नं.११ र १२ एक किमि सडक कालोपत्रे | साई कन्ट्रक्सन | २०७८।३।२१ | २०८०।१।३० | २०७९ फागुन | २०८०।३।२४ | १०१३४६६ |

सैद्धान्तिक बेरुजु

९५ **झोलुङ्गे पुल -** सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्रिहरु जडान गरी नापी किताब तयार भए पश्चात मात्र विल भुक्तानी गर्नुपर्दछ । झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम केन्द्रीय अनुदान एकाईबाट रु.६३६५१८८, नगरपालिकाले रु.९७३४९९ र उपभोक्ता समितिले

रु.१४९७६९ गरी रु. ७४८८४५६ को लागत अनुमानमा बेलटारी घाट मल्टी स्पान ट्रस (झोलुङ्गे) पुल निर्माण गर्ने गरी लागत अनुमान तयार गरेको छ । तर यस वर्ष उक्त कार्यक्रम अन्तरगत संघीय सरकार हस्तान्तरित कार्यक्रम अन्तरगत रु. २०००००० बजेट प्राप्त भएको छ । पालिकाले यस वर्ष ईन्टरटेक प्रालिबाट रु. १७२५१५४ को फेब्रिकेसा पार्ट, जुटको डोरी र हट डीप गल्भेनाईजेसन खरिद गरी गोभौ ७१ मिति २०८०।०३।२४ बाट भुक्तानी गरेको छ । साथै निर्माण कार्यको लागत अनुमान तयार गर्ने, अनुगमन तथा सुपरिवेक्षण कार्यको लागि सम्झौता अनुसार उक्त कार्यको लागत अनुमान तयार गरेपश्चात ईन्द्रेणी समाज केन्द्रलाई रु. १२६१७६ पेश्की दिएको छ । तर यस वर्ष उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्ने तथा देहाय अनुसार सामाग्री खरिद गर्ने बाहेक अन्य कार्य भएको देखिएन । खरिद गरिएका निर्माण सामाग्री समयमै जडान नहुदाँ उक्त सामाग्रि बिग्रन सक्ने तथा सुरक्षा वापत थप खर्च गर्नुपर्ने अवस्था सिर्जाना हुन्छ । तसर्थ खरिद गरिएका उपरोक्त अनुसारका निर्माण सामाग्री जडान हुनुपर्दछ ।

| क्र.सं. | लागत अनुमान अनुसार | | खरिद गरेको | |
|---|---|---|---|---|
| | **निर्माण सामाग्री** | **रकम** | **निर्माण सामाग्री** | **रकम** |
| १ | फेब्रिकेशन पार्ट लगायत निर्माण सामाग्री | ४३८११९१ | फेब्रिकेशन पार्ट | **१२५२२०८** |
| २ | कामदार तथा ज्याला | २३७४७०७ | जुट डोरी | **१६४५३** |
| ३ | विमा तथा सुचना पाटी | ५८०० | हट डिप गल्भेनाईजेसन | **४५६४९३** |
| ४ | गैर सरकारी सेवा शुल्क | ४२०५८९ | गैर सरकारी सेवा शुल्क | **१२६१७६** |
| ५ | कन्टिन्जेन्सी | ३१०१६९ | - | |
| ४ | **जम्मा** | **७४९२४५६** | **जम्मा** | **१८५१३३०** |

| सैद्धान्तिक बेरुजु |
|---|

९६ **सडक मर्मत -** पालिकाले संघीय समपुरक अन्तर्गत पोलधारा आपटारी ओमपार्क सडक स्तरउन्नती कार्यको लागि शंखध्वनी निर्माण सेवासँग मिति २०८०।०२।३० भित्र सम्पन्न गर्ने गरी मिति २०७९।०८।२३ मा रु. ७१ लाख ४७ हजारमा सम्झौता गरेको छ । निर्माण व्यवसायीले मिति २०८०।०१।२७ सम्ममा कार्य सम्पन्न गरी रु.६४४१३०५ भुक्तानी लिएको छ । तर कार्यालयको मिति २०७९।०४।२१ च.नं. २१५ को पत्रानुसार निर्माण व्यवसायीलाई कार्य स्वीकार प्रतिवेदन जारी पश्चात चेनेज ०+१४० को आसपासमा भएको सडक ढलान विग्रेकोमा मर्मत गर्न निर्देशन भएको छ । उक्त चेनेज आसपासको सडक ढलान कार्यमा निम्नानुसार परिमाणमा कार्य भई भुक्तानी भएकोमा विग्रीएको सडक मर्मत भएको देखिने अभिलेख पालिकाले राखेको देखिएन । तसर्थ उक्त सडक सम्झौतामा उल्लेख भए अनुसार पालिकाको आर्थिक व्यायभार वेगर मर्मत भए/नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

| क्र.स. | कार्य | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | अर्थ वर्क | २७ | १२६ | ३३८५ |
| २ | सोलिङ्ग | १६ | २२०० | ३५५९६ |

| | | | | |
|---|---|---|---|---|
| ३ | पी.सी.सी. एम १५ | २ | ८४०० | १८९०० |
| ४ | स्टोन वाल | ९ | ७४०० | ६३५६६ |
| ५ | पी.सी.सी. एम २० | १६ | १३५०० | २१७८९० |
| **जम्मा** | | | | **३३९३३७** |

सैद्धान्तिक बेरुजु

९७ **औद्योगिक ग्राम -** ठेक्का नं.१६।२०७७।७८, पालिकाले वडा नं. ७ औद्योगिक ग्राम वरीपरी पर्खाल लगाउने कार्यको लागि मिति २०७९।०३।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी २०७८।०३।२४ मा बसन्त निर्माण सेवा सँग रु.५७८३८७३ मा सम्झौता गरेको छ । मिति २०८०।०२।३२ को कार्यपालिका निर्णयबाट मिति २०८०।०१।२७ सम्म म्याद थप भएकोमा उक्त अवधि भित्र रु.४८७२८९४ को कार्य भएको छ । औद्योगिक ग्रामम निर्माणका लागि कुल रु ३३९९५०१४९ लागत अनुमान तयार भएकोमा हाल सम्म उपरोक्त पर्खाल लगाउने काम बाहेकको औद्योगिक ग्राम निर्माण सम्बन्धी अन्य कार्य भएको देखिएन । साथै आर्थिक वर्ष २०८०।८१ को लागि संघीय सरकारबाट रु.७५ लाख बजेट प्राप्त भएकोमा हालसम्म निर्माण कार्य अघी बढेको देखिएन । तसर्थ औद्योगिक विकासलाई प्रथामिकतामा राखि पालिकाले वार्षिक बजेट तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९८ **अग्रिम कट्टी नभएको -** सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्यको रनिङ्ग विल भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसार रकम कट्टी गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले ठेक्का नं.१४।२०७७।७८, वडा नं.११ र १२ मा एक वडा १ किमि सडक कालोपत्रे कार्यको निर्माण व्यवसायि श्री साई कन्ट्रक्सन प्रालि दोस्रो रनिङ्ग विल भुक्तानी गर्दा कट्टी हुने देहाय अनुसारको रकम बाहेकको भौचर उठाएको कारण निम्नानुसार रकम खर्च नजनाई पालिका संचितकोषमा दाखिला फिर्ता भएको देखिन्छ । उक्त निर्माण कार्यको भुक्तानी गर्दा कट्टी गर्नुपर्ने रकम खर्च लेखि सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

| **क्र.सं.** | **वापत** | **रकम** |
|---|---|---|
| १ | धरौटी | ४९४३७.३९ |
| २ | अग्रिम कर | १४८३१.२२ |
| ३ | निर्माणव्यवसायी कोष | ९८८.७५ |
| ४ | मूल्यअभिवृद्धी कर रकम | ३८५६१.१७ |
| | जम्मा | १०३८१८.५३ |

| असुल गर्नुपर्ने | १,०३,८१९ |
|---|---|

९९ **कार्यक्रम खाता**

९९.१ पालिकाले कार्यक्रमगत खर्च खाता राखी विल भरपाई समेत कार्यक्रमगत रुपमा राख्नुपर्नेमा मासिक बैठक अर्धवार्षिक समिक्षा लगायत विभिन्न कार्यक्रम खर्चको विलभरपाई संलग्न गर्दा कार्यक्रमगत खर्चको विवरण नराखि एकमुष्ठ खर्चको विवरण पेश गरेको छ । जसले गर्दा कार्यक्रमगत मितिगत नर्म्स अनुसारको खर्च भिडान गर्न नसिकने अवस्था रहने हुँदा कार्यक्रमगत विल भरपाई विवरण संलग्न हुनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९९.२ कार्ययोजना : प्रजनन रुगणता स्वास्थ सेवा सम्बन्धी २०८०।३।१३ देखि १५ सम्म संचालन एच पि भि डिएन ए अभिमुखि कार्यक्रमा गोभौनं ३०५।२०८०।३।१८ बाट रु १३९९५० खर्च लेखेकोमा ३।१३ गतेको उपस्थिति हाजिरी पेश हुनुपर्ने साथै पालिका स्तरिय अभिमुखिकरण सहजिकरण भत्ता रु २२८०० र महिला स्वास्थ्य सेवा अभिमुखिकरण कर्मचारी भत्ता रु २९३५० खर्च लेखेकोमा कहिले कुन विषयमा कसले अभिमुखिकरण दिएको हो मिति र सेसन प्लान समेत खुलेको कार्ययोजना संलग्न रहेको पाइएन । अत कार्यक्रम संचालन गर्दा स्पष्ट कार्ययोजना तयार गरी स्वीकृत भए पश्चात मात्र कार्यक्रम संचालन गर्नुपरने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,१५० |

९९.३ प्रमाण : पालिका अन्तर्गतका १० वटा स्वास्थ्य संस्थाहरुमा IMCI On Side coaching कार्यक्रममा गोभौनं २१२।२०८०।२।११ बाट रु २८३४८९ खर्च लेखेकोमा प्रशिक्षणको प्रशिक्षण कार्यतालिका पेश नभएकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । साथै कार्यक्रममा संचालन गर्दा खरिद गरिएको रु ३५३०० को डल दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,३०० |

९९.४ भरपाईः आमा सुरक्षा कार्यक्रम अन्तर्गत मदनपोखरा स्वास्थ्य चौकी लाई २४ जनाको अर्गेली स्वास्थ्य चौकीलाई १३ जनाको र लुम्वीनी मेडिकल कलेजलाई ९४९ जनाको समेत गरी कुल ९८६ जनाको रु ९३६७४०४ भुक्तानी दिएको मध्ये गोभौनं ८३-२०७९।११।१७ बाट रु ५५९००० खर्च लेखेकोमा रु ५२४००० को मात्र भरपाई पेश भएकोले प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,००० |

९९.५ दाखिला : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा प्राप्त भएका सामानको जिन्सी दाखिला हुनुपर्ने व्यवस्था छ । मातृ तथा नवशिशु स्थलतगत अनुशिक्षण कार्यक्रममा गोभौनं २३६।२०८०।२।२४ बाट रु १२८९५७ खर्च लेखेको मा खरिद गरिएका निम्न सामाग्री दाखिला भएको नदेखिएको रु

| **सामानको नाम** | **ईकाइ** | **रकम** |
|---|---|---|
| Section Machine | १ | १८५०० |
| Delivery Set | १२ | ४२३६० |
| Perilight | २ | ११२०० |

| | | |
|---|---|---|
| IV Stand | २ | ५००० |
| जम्मा | | ७७०६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७७,०६० |

९९.६ प्रतिवेदन : महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ जाँच गरेवापत गोभौनं २७२।२०८०।३।८ रु १६२७४४ खर्च लेखेकोमा कर्मचारी भत्ता ५२ जनाको रु ४३४५०, प्रतिवेदन ७ वटा वडाको ७०००, ढुवानी वापत १२०० देखि ६५०० सम्मका दरले रु २६२०० र औषधि खरिद वापत रु ६०२४४ खर्च लेखेकोमा ढुवानी सम्वन्धी सम्झौता विल वुक लाइसेन्स तथा औषधि दाखिलाको प्रमाणित प्रतिवेदन राख्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३६,००० |

९९.७ विद्यालय शिक्षा कार्यक्रम संचालन वापत गोभौनं २३७।२०८०।२।२४ बाट खर्च लेख्दा ४२ कक्षा संचालन गरेवापत भुक्तानी दिएकोमा कसले कहिले कुन विषयको कक्षा लिएको हो स्पष्ट हुने प्रमाण संलग्नहरु संलग्न गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,००० |

९९.८ दाखिला :

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०। १२। ३० को निर्णयबाट रु. १३००००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९९.९ सिफारिस : मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपाचार कार्यविधि २०७८ को दफा ४ मा दिर्घरोगीहरुले सामाजिक सुरक्षा भत्ता र यस कार्यविधि अनुसारको रकम दोहोरो नपर्ने गरी प्राप्त गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु ४५९५००० भुक्तानी दिएकोमा उक्त प्रावधानको सुनिश्चितताको लागि पञ्जिकरण शाखा संग समन्वय गर्नुपर्ने साथै वडा कार्यालयहरुबाट सिफारिस दिदाँ दोहोरो नपरेको खुलाई सिफारिस गर्नुपर्ने देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९९.१० नियमित खोप सुढृड अन्तगर्त सरसफाइ प्रवद्धन कार्यक्रमको सुक्ष्म योजनामा सहजिकरण गरे वापत २०७९।१२।२६ देखी २८ सम्मको १२ सेसनको १२००० भुक्तानी गरेकोमा कार्य योजना तालिका संलग्न रहेको पाइएन । साथै कार्यक्रम भएको स्थान स्पष्ट उल्लेख गरेर मात्र यातायात खर्च गर्नुपर्नेमा सो नखुलाई रु ३३००० खर्च लेखेको छ । त्यस्तै गोभौनं ९७।२०७९।१२।२ बाट ANC to PNC of Continum कार्यक्रम सहजिकरण कक्षा गरेवापत १०३०० भुक्तानी गरेकोमा कार्यतालिका पेश संलग्न गरेको पाइएन । यसमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०० **शीर्षक फरक पारेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार एक शिर्षकमा विनियोजन भएको रकम सोही शिर्षक र कार्यक्रममा खर्च गर्नुपर्दछ। तर कार्यालयले विभिन्न गो.भौ.बाट विनियोजित बजेट शिर्षकभन्दा फरक प्रकृतिको काममा समेत खर्च स्वीकृत गरेको देखिएको छ । शीर्षक फरक पारी लेखिएको खर्च नियमसम्मत देखिएन।

| **गो भौ नं.** | **मिति** | **खर्च लेखेकोशिर्षक** | **खर्चको विवरण** | **खर्च रकम** |
|---|---|---|---|---|
| ६२९ | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.७ संचालन तथा बैठक भत्ता खर्च | १४३३०९ |
| ६२६ | २०८०।०३। २४ | मागमा आधारित भौतिक पूर्वधार विकास | ३ कृषि फर्म सहित ४ जनालाईघाँसका विरुवा खरिद | ३४३६०० |
| ६२५ | २०८०।०३। २४ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | वडा नं.८ मा झोलुङ्गे पुल हेरालु | १२००० |
| ६२३ | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.१४ संचालन तथा बैठक भत्ता खर्च | १११२६५ |
| ६२२ | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.८ संचालन तथा बैठक भत्ता खर्च | ७४२४५ |
| ६२१ | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.६ संचालन तथा बैठक भत्ता खर्च | ११०६७० |
| ६२० | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.१२ संचालन तथा बैठक भत्ता खर्च | ६८०१० |
| ६१९ | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.२ संचालन तथा बैठक भत्ता खर्च | १०५३२५ |
| ६१६ | २०८०।०३। २४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.११ संचालन तथा बैठक भत्ता खर्च | ५१८४४ |

| | | | | |
|---|---|---|---|---|
| ६१५ | २०८०।०३।२४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.९ संचालन तथा बैठक भत्ता खर्च | २३६४८ |
| ६१४ | २०८०।०३।२४ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | वडा नं.१० संचालन तथा बैठक भत्ता खर्च | ११०६२५ |
| ६०८ | २०८०।०३।२१ | सडक बत्ती मर्मत लगायत प्रचलित निर्णयअनुसार निर्णयगरी खर्च गरीने | सवारी साधन मर्मत | १४३७१७ |
| ६०३ | २०८०।०३।२२ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | नगरपालिका विविध खर्च | १०२७० |
| ६०२ | २०८०।०३।२२ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | खानेपानी व्यवस्थापन | ८००० |
| ५९१ | २०८०।०३।२२ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | अतिरिक्त समय खटीएका कर्मचारीलाई खाजा खाना खर्च | १६४०० |
| ५७३ | २०८०।०३।१९ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | ४ जना पुल हेरालुको पारिश्रमिक | २४००० |
| ५५९ | २०८०।०३।११ | मागमा आधारित भौतिक पूर्वधार विकास | कर्णेल उजिर सिंह पाल्पा गोल्ड कप प्रतियोगिता | ४००००० |
| ५४८ | २०८०।०३।०७ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | नगरपालिकाका सवारीसाधनलाईलाई ईन्धन खर्च उल्लेख गरी कर्मचारीहरुकोईन्धनको कुपन तथा विल समावेश | ३०५५२० |
| ४९२ | २०८०।०२।२९ | सफाई तथा सडक बत्ती, डस्टवीन खरिद | वडानं.४ कार्यालय व्यवस्थापन र प्रेससल्लाकार कक व्यवस्थापन | ३३९०० |
| ४५५ | २०८०।०२।२० | वडा नं.१ मा संचालनमा रहेका सबै सडक मर्मत | वडा नं.९ र ११ कार्यालय फर्निसिङ्ग व्यवस्थापन | ३५६११८ |
| ४३७ | २०८०।०२।२८ | वडा नं.१ मा संचालनमा रहेका सबै सडक मर्मत | वडा नं.११ संचालन तथा बैठक भत्ता खर्च | ९७४६० |

| | | | | |
|---|---|---|---|---|
| ३६१ | २०८०।०१। २७ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | नगरपालिकाका सवारीसाधनलाईलाई ईन्धन खर्च उल्लेख गरी कर्मचारीहरुकोईन्धनको कुपन तथा विल समावेश | २७०४६० |
| १७२ | २०७९।११। १६ | फोहोरमेला व्यवस्थापन आकस्मिक ढल नाली मर्मत | नगरपालिकाका सवारीसाधनलाईलाई ईन्धन खर्च उल्लेख गरी कर्मचारीहरुकोईन्धनको कुपन तथा विल समावेश | ५४१०२२ |
| | | जम्मा | | ३३६१४०८ |

| | |
|---|---|
| अनियमित भएको | ३३,६१,४०८ |

१०१ **वडा कार्यालय भवन -** वडा नं १ को वडा कार्यालय भवन निर्माण कार्यको लागत अनुमान रु.८७४३७०८ रहेकोमा पालिकाबाट ठेक्का व्यवस्थापन गरेकोमा २०७९।१२।३० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायि आर एण्ड आर सिभिल कस्ट्रक्सन संग २०७९।१।१९ मा रु ८०७०५०१ को सम्झौता भएको छ । तर उक्त भवन निर्माण कार्य हालसम्म सम्पन्न भएको देखिएन । उक्त योजना क्रममागत अन्तरगत राखि सभाबाट बजेट स्वीकृत भएको जानकारी छलफलको क्रममा प्राप्त भएको छ । अतः सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्ने गराउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०२ **प्रोग्राम अपडेट -** ठेक्का नं.८।२०७६।७७, बनदेवी बतासे देखी ढुंगाखानी सडक निर्माण कार्यमा कार्यालयले र निर्माण व्यवासयि बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्रायाक्टको जिसिसि ३४.३ मा निर्माण व्यवसायीले प्रत्येक ६० दिनमा निर्माण कार्यको प्रगति खुल्ने प्रोग्राम अपडेट कार्यालयमा पेश गर्नुपर्ने तथा निर्माण व्यवसायीले प्रोग्राम अपडेट ढीलो पेश गरेमा वा नगरेमा भुक्तानी गर्दा रु.१ लाख सम्म रकम रोक्का राख्ने उल्लेख छ । तर कार्यालयले ठेक्कामा सम्झौतामा तोकीए अनुसार महादेव खिम्ती श्रेष्ठ जेभीले प्रोग्राम उपडेट पेश नगरेको अवस्था रु.१ लाख विथहोल्ड गरेको नदेखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

१०३ **पाईप खरिद -** सार्वजनिक खरिद ऐन, २०६४ को नियम ९९ (८) बमोजिम १० लाख रुपैयँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसार रु. २६७३०२८ पाईप खरिद कार्य

निम्नानुसार ३ सप्लायर्सबाट सोझै खरिद गरेकोमा पालिकाले प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गोभौ | मिति | सामान | सप्लायर्स | रकम |
|---|---|---|---|---|
| ११ १ | २०७९। १०।१२ | तम्घास रोड देखि होलाङ्गदी सम्म चालिस घरधुरीलाई खानेपानी विस्तारका लागि ६६ एमएमको १६८ मिटर, ५० एमएमको २३४ मिटर, ४० एमएमको ३८४ मिटर, ३२ एमएमको ७२ मिटर जिआई पाईप, ४००० मिटर पिएन १६ एचडीपी पाईप र ५० एमएम विपिटी भल्भ | श्री साई ईलेक्ट्रोनिकल्स एण्ड ईलेक्ट्रीक | ९५५६६४ |
| ३१ ७ | २०८०। ०१।०७ | वडा नं.११ खानेपानी तथा कृषि तरकारी खेतीकालागी विभिन्न टोलका लागि २० एमएमको ११९०० मिटर, २५ एमएमको ८२० मिटर, ३२ एमएमको १९०० मिटर र ४० को १२०० मिटर एचडीपी पाईप खरिद | जय भैरव सप्लायर्स | ७७६२५३ |
| ५६ ६ | २०८०। ०३।१५ | वडा नं.१३ केरवादी टोल वस्तीमा खानेपानी योजनाको लागि पीएन १०को २१० एमएमको ५०८० मिटर एचडपीई पाईप खरिद | श्री साई ईलेक्ट्रोनिकल्स एण्ड ईलेक्ट्रीक | ८७५४११ |
| **जम्मा** | | | | २६०७३२ ८ |

सैद्धान्तिक बेरुजु

१०४ **पाईप जडान -** सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२२ अनुसार निर्माण कार्यको लागि खरिद गरिएका निर्माण सामाग्रिहरु जडान गरी नापी किताब तयार भए पश्चात मात्र विल भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले यस वर्ष देहायअनुसार विभिन्न प्रकारका खानेपानी तथा सिचाई पाईपहरु खरिद गरी भुक्तानी गरेको छ । उक्त खरिद गरिएका सामानहरु उपभोक्ता समितिका पदाधिकारी र वडा कार्यालयले बुझेको मात्र देखिएको र उक्त पाईपहरुको जडान भएको नापी किताब श्रेस्तामा संलग्न रहेको छैन । खरिद गरिएका निर्माण सामाग्री समयमै जडान नहुदाँ उक्त सामाग्रि विग्रन सक्ने तथा सुरक्षा वापत थप खर्च गर्नुपर्ने अवस्था सिर्जाना हुन्छ । तसर्थ खरिद गरिएका उपरोक्त अनुसारका निर्माण सामाग्री जडान भएको प्रमाण पेश हुनुपर्दछ ।

| गोभौ | मिति | सामान | सप्लायर्स | रकम |
|---|---|---|---|---|
| ११ १ | २०७९। १०।१२ | तम्घास रोड देखि होलाङ्गदी सम्म चालिस घरधुरीलाई खानेपानी विस्तारका लागि ६६ एमएमको १६८ मिटर, ५० एमएमको २३४ मिटर, ४० एमएमको ३८४ मिटर, ३२ एमएमको ७२ मिटर जिआई पाईप, ४००० मिटर पिएन १६ एचडीपी पाईप र ५० एमएम विपिटी भल्भ | श्री साई ईलेक्ट्रोनिकल्स एण्ड ईलेक्ट्रीक | ९५५६६४ |

| | | | | |
|---|---|---|---|---|
| ३१<br>७ | २०८०।<br>०१।०७ | वडा नं.११ खानेपानी तथा कृषि तरकारी खेतीकालागी विभिन्न टोलका लागि २० एमएमको ११११०० मिटर, २५ एमएमको ८२० मिटर, ३२ एमएमको १९०० मिटर र ४० को १२०० मिटर एचडीपी पाईप खरिद | जय भैरव सप्लायर्स | ७७६२५३ |
| ५६<br>६ | २०८०।<br>०३।१५ | वडा नं.१३ केरवादी टोल वस्तीमा खानेपानी योजनाको लागि पीएन १०को २१० एमएमको ५०८० मिटर एचडपीई पाईप खरिद | श्री साई ईलेक्ट्रोनिकल्स एण्ड ईलेक्ट्रीक | ८७५४११ |
| **जम्मा** | | | | २६०७३२<br>८ |
| | | | प्रमाण पेश नगरेको | २६,०७,३२८ |

१०५ **समितिबाट निर्माण व्यवसायिको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नसकिने व्यवस्था गरेको छ । पालिकाले खरिद सम्झौता गरेका तपशिल वमोजिमका उपभोक्ता समितिले आफैले निर्माण कार्य गर्नुपर्नेमा सवै काम सव कन्टयाक्टर वा निर्माण व्यवसायीबाट गर्ने गरेको देखियो । उपभोक्ता अनुसार हेभि इक्युपमेन्ट प्रयोग हुने कार्य प्रतिस्पर्धाको माध्यमबाट गराउनुपर्दछ ।

| **गो भौ नं./मिति** | **उपभोक्ता समितिको नाम** | **लागत अनुमान** | **मुल्यांकन** | **भुक्तानी रकम** | **सव कन्टयाक्टरको नाम** | **निर्माण कम्पनीको भ्याट बिल रकम** | **मुल्याकंन मा निर्माण व्यवसायि को कामको प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| ६१०-<br>२०८०।२।२<br>३ | तल्लो पिपल जुकीया बडहरे मोटरबाटो | १०५५७<br>३२ | ९१०६<br>४० | ८१९<br>५७६ | सिद्धबाबा सप्लायर्स | ६७४१९<br>८ | ७४ |
| ५४३-<br>२०८०।३।६ | वडा नं ६ नाली व्यवस्थापन गनर्धव टोल देखि व्यारेक सम्म | १०९०५<br>७ | १०८१<br>२६ | ९७३<br>१३ | गणेश हार्डवेयर एण्ड सप्लायर्स | १००६५<br>२ | ९३ |
| ५१४-<br>२०८०।२।३<br>२ | छेलुङ्ग जाने मोछरबाटो देखि सपांदी गैरा वडा कार्यालय भवन जाने बाटो | १५८३९<br>७ | १५८७<br>२४ | १४२<br>८५२ | सिद्धबाबा सप्लायर्स | १५५७२<br>४ | ९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५०३-२०८०।२।३० | सेतीपाखा ट्रस निर्माण | १०५९८७ | १०२८२० | ९२५३८ | आलमदेवी ग्रिल एण्ड आल्मुनियम स्टील उद्योग | १३५४३९ | १३१ |
| ४९८-२०८०।२।२९ | जोगपानी तिलहार ढुंगेडाँडा मोटरबाट | ३१८३३३ | ३०३८४३ | २७३४५९ | सिद्धबाबा सप्लायर्स | ३००८४२ | ९९ |
| ४००-२०८०।२।०९ | बहुनडाँडा देखि काभ्रे मोटरबाटो | ३१८६२७ | ३२०८४९ | २८८७६४ | सिद्धबाबा सप्लायर्स | २९९२५० | ९३ |
| | जम्मा | २०६६१३३ | १९०५००२ | १७१४५०२ | जम्मा | १६६६१०५ | |

सैद्धान्तिक बेरुजु

१०६ **सफ्टवेयरको प्रयोग -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । नगरपालिकाले गो.भौ. ३५३ मिति २०७९।१२।१७ बाट योजनाको अनुगमन, मुल्यांकन तथा प्रगति सम्बन्धी सफ्टवेयर खरिद गरी मालिका ईन्फोसिस एण्ड सर्भिस प्रालिलाई रु. ३७२००० भुक्तानी दिएकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०७ **बढी भुक्तानी -** ***(प्रारम्भिक प्रतिवेदन उपर अनुपातिक कट्टी प्रमाण पेश भएको आधारमा मिति २०८०। १२। ३० को निर्णयबाट रु. ६०१६०।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०८ **रानी महलको संरक्षण -** पुरातात्विक तथा ऐतिहासिक रानीमहल जगेर्ना तथा संरक्षण गर्नका लागि पालिकाले रानीमहल संरक्षण गर्नुपर्दछ । उक्त संरक्षण कार्य अन्तरगत यस वर्ष गोभौ २०७ मिति २०७९।११।२९ बाट रानीमहलमा Two Coat, Exterior primer Painting अन्तरगत २६७६.२१ वर्गमिटर कार्य गरी मियांकल विल्डर्स प्रालिलाई रु.५३८२९२ भुक्तानी भएको छ । मिति २०८०।०५।२१ मा भएको स्थलगत अनुमगनमा उक्त रंगरोगन गरिएको क्षेत्रमा लेउ काई लागेको देखिन्छ । रंरोगन गरिएको क्षेत्रमा वर्षायाममा पानी सिपेज लगायका कारण क्षति भएको पालिकाको भनाई रहेको छ । तसर्थ ऐतिहासिक रानी महलको संरक्षण गरी पर्यटकिय गन्तव्यको रुपमा स्थापित गर्नका लागि पालिकाले एकिकृत योजना वनाएर रानी महल संरक्षण गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१०९ **धरौटी कट्टी नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्यको रनिङ्ग विल भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसार रकम कट्टी गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । वडा नं.९ मा खुला पार्क निर्माण कार्य कोटेसन मार्फत गरेकोमा निर्माण व्यवसायि श्री वेदव्यास निर्माण सेवालाई रु. १५६०० धरौटी कट्टी गरी रु.३२०११२ मात्र भुक्तानी दिनुपर्नेमा नगरपालिकाले गोभौ ६११ मिति २०८०।०३।२४ बाट रु. ३३५७१२ खुद भुक्तानी दिएको छ । तसर्थ धरौटी कट्टी नगरी बढी भुक्तानी दिएको रकम असूल हुनुपर्दछ ।

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १५,६०० |

११० **सिमाभन्दा बढीको कार्य समितिबाट -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम एक करोड रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य लाभग्राही समुदाय वा उपभोक्ता समितिवाट गराउन सकिने तथा सो लागत अनुमानमा मूल्य अभिवृद्धि कर, अभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिता समेत समावेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले लहरेपिपल सामुदायिक स्वास्थ्य (आरसीसी) भवन निर्माणको लागि मूल्य अभिवृद्धि कर, अभरहेड, कन्टेन्जेन्सी बाहेक रु.८४६९९२४ को लागत अनुमान तयार गरेको छ । उक्त लागत अनुमानमा अभरहेड रु.१२७०४८९, मूल्य अभिवृद्धि कर रु.१२६६२५३ जोडदा रु.११००६६६६ हुने आउँदछ । तर पालिकाले ओभरहेड, मुल्यअभिवृद्धी कर बाहेकको लागत अनुमान तयार गरी उक्त कार्य रु.१ करोड भित्र रहेको देखाई उपभोक्ता समितिबाट गराएको छ । उपभोक्ता समितिले कुल रु.८०१६०७६ को कार्य गरी रु.७२१४४६८ भुक्तानी लिएको देखिन्छ । आरसीसी जस्तो जटील प्रकृतीको कार्य गर्ने तथा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी सहितको लागत अनुमान १ करोड माथि भएको कार्य उपभोक्ता समितिवाट नै खरिद कार्य गरेको नियमसम्मत देखिएन । छलफलको क्रममा पालिकाले यस वर्ष देखि यस प्रकारको योजना उपभोक्ता समितिबाट नगराएको तथा यो योजना गत वर्षको क्रमागत रहेको जनाएको छ । तसर्थ जटील प्रकतिको नभएको तथा नियम ९७ को अधिनमा रहि उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१११ **कार्यालय भवनको नक्सा पास -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३९ मा नक्सा पास वेगर निर्माण कार्य गर्न नपाउने तथा नक्सापास वेगर निर्माण गरीएको संचरना स्थानीय तहले भत्काउन सक्ने व्यवस्था गरेको छ । पालिकालेले यस वर्ष नगरपालिकामा तला थप गर्ने कार्य गरी गोभौ ६०० मिति २०८०।०३।२२ अमरराई पोखेल जेभीलाई रु.२७७५८८२ भुक्तानी दिएको छ । नगरपालिकाको आर्थिक ऐन २०७९ ले समेत नक्सापास नगरी संरचना निर्माण गर्न नहुने उल्लेख गरेकोमा नगरपालिकाबाटै उक्त व्यवस्थाको पलना भएको देखिएन । नक्सापास गराउने निकायले नै नक्सापास नगरी भवनको तला थप गर्ने कार्य कानुन सम्मत देखिएन । तसर्थ पालिकाले नक्सा पास गरि निर्माण कार्य गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

११२ **कर समायोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्छ । साथै निर्माण व्यवसायी तथा आपुर्तीकर्ताबाट जारी भएको कर विजक सिलसिलेवार हुनुपर्ने तथा विजक नं. केरमेट भएको हुनुहुदैन । ठेक्का नं.८।२०७६।७७, बनदेवी बतासे देखी ढुंगाखानी सडक निर्माण कार्यको ७ औ रनिङ्ग विल गोभौ ६३२ मिति २०८०।०३।२४ बाट श्री महादेव खिम्ती श्रेष्ठ जेभीलाई

भुक्तानी भएकोमा निर्माण व्यवसायीले पेश गरेको कर विजकको नं.१ हातले लेखेको छ । जसबाट निर्माण व्यवसायीले पेश गरेको कर विजक नं. सिलसिलेवार रहेको तथा निर्माण व्यवसायीले भुक्तानी लिएको ७० प्रतिशत मुअकर रकम रु.१४८५३१ सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको भन्नेमा आश्वस्त हुन सकिएन । तसर्थ निर्माण व्यवसायीले देहायअनुसार भुक्तानी लिएको रकमको मुल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४८,५३१ |

११३ **कोल्ड स्टोर निर्माण** - तानसेन नगरपालिका वार्ड नं ७ पाल्पामा कोल्ड स्टोर्स निर्माण कार्य २०७१।२।१५ मा सम्पन्न गर्ने गरी २०६९।११।२३ मा निर्माण व्यवसायी हिमडुङ एण्ड थोकर /जय रक्तकाली जे भि काठमाडौं संग रु ४९९९१९०६ को सम्झौता भएकोमा रु २३८४८७२५ को कार्य भई २०७४।१२।७ सम्म रु २१४१५११० भुक्तानी भएको एवं रु २४३३६१५ भुक्तानी हुन बांको रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

११३.१ निर्माण व्यवसायी हिमडुङ एण्ड थोकर /जय रक्तकाली जे भिको फछ्यौंट हुन बाँकी पेश्की रु ७७५०००० र कार्यसम्पन्न जमानत रु २४१५००० को म्याद थप भई आएकोमा कार्यालयले मिति २०७७।१२।३० मा बैकलाई पत्राचार गरी रोक्का राखिएको जनाएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११३.२ निर्माण कार्यको पटक पटक म्याद थप गरेकोमा पछिल्लो पटक नगरकार्यपालिकाको २०७९।११।२९ को सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० क बमोजिम २०८० असार मसान्त सम्म म्याद थप भएतापनी निर्माण कार्य सूचारु भएको पाइएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११३.३ निर्माण व्यवसायीलाई २०७५।११।१७ को निर्णयबाट रु ४८२२०५५ पूर्व निर्धारित क्षतिपूर्ति लगाउने निर्णय भएको सो सम्बन्धमा निर्माण व्यवसायीले २०७८।५।२९ मा मिनाहाको लागि निवेदन दिएकोमा नगरपालिकाबाट क्षतिपूर्ती मिनाह गर्न नसकिने निर्णय भएको एवं नगरपालिकाको २०७९।१२।१६ को पत्रानुसार पूर्वनिर्धारित क्षतिपूर्ती सम्बन्धी निर्णय यथावत रहने गरी २०८० असार मसान्त सम्म म्याद थप भएको देखिएकोले निर्णयानुसारको पूर्वनिर्धारित क्षतिपुर्ती असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,२२,०५५ |

११३.४ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ २(क) मा खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा खरिद सम्झौता अन्त्य गर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा खरिद सम्झौताको अन्त्य सम्बन्धी व्यवस्था छ । नगरपालिकाले ऐन नियमको उक्त व्यवस्था तथा सम्झौताको शर्त बमोजिम सम्झौताको अन्त्य किन नगर्ने भनी २०८०।४।१६ मा पत्राचार गरेको छ । अत : ठेक्काको उपयुक्त व्यवस्थापन हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११४ **सडक बोर्ड** - पालिका र सडक बोर्डको लागत साझेदारीमा निर्माण हुने देहाय अनुसार भएको पाईयो ।

११४.१ लागत अनुमान १०५५२४४९ रहेको कैलाश नगर सडक मर्मत कार्य २०८०।३।२५ मा सम्मपन्न गर्ने गरि निर्माण व्यवसायि आरभ एण्ड कप्पनी प्रा लि संग २०८०।२।५ मा रु ८३६३२४९ को सम्झौता भएकोमा हाल सम्म गोभौन १२।२०८०।३।२३ बाट रु ३६२५८०२ मात्र भुक्तानी भई निर्माण कार्य अधुरो रहेको पाइयो । अत; नियमानुसार कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११४.२ बाँसटारी ठाटी हुदै पप्लुवा वडा नं ७ वागवानी कारागार सेन मा वि देखि नपा ४ सम्मा वापत जिवन व्रदर्श कस्ट्रसनलाई गोभौन ४।२०७९।९।१४ बाट खर्च लेख्दा निम्न अनुसार देखिएको विल रकम रु ४४२८२५२ को ५ प्रतिशतले हुने धरौटी रु २२१४१२।६ कट्टा नगरेको त्यस्तै १.५ प्रतिशतले हुने कर रु ६६४२३ असुल नगरेको साथै मु अ कर रु ५७५६७२ भुक्तानी दिँदा ३० प्रतिशत ले हुने रु १७२७०१ रकम कट्टी नगरेको रु

| प्रमाण पेश नगरेको | ४,६०,५३६ |
|---|---|

११५ **ठेक्का व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धा गराएका देहाय अनुसार योजना लागत अनुमान भन्दा १५.२२ देखि ३३.७७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको ल्याव रिपोर्ट श्रेस्तास्तामा संलगा भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | ठेक्का नं | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०८/२०७९-०८० | डुम्रे सुडाडा गुफाचौर सडक | नमस्ते नेपाल कन्ट्रक्सन | ४९९९९९० | ३३११३६९ | ३३.७७ |
| २ | १०/२०७९-०८० | लुहुङ्ग जार्ते सडक | आरब एण्ड कम्पनी | ५००९२१७ | ३६५९४३५ | २६.९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ०६/२०७९-०८० | पोहधारा आपटारी ओमपार्क सडक | शंखध्यनी निर्माण सेवा | ९५६१८५९ | ७१४७००० | २५.२६ |
| ४ | ०२/२०७९-०८० | बौवागुम्बा देखि छर्लुङ्ग सडक | समृद्ध देश निर्माण सेवा | ४७८५०५४ | ३५७८१५६ | २५.२२ |
| ५ | १४/२०७९-०८० | कौशलनगर श्रिनगर चिलांदी गैरागाउँ धुवाघमट बासटारी झडेवा सडक | आरब एण्ड कम्पनी | १०९२२९७८ | ८३६३२४९ | २३.४३ |
| ६ | १३/२०७९-०८० | मोहनकन्या शैक्षिक भवन | रामदेवी डिजाईन एण्ड विल्डर्स | ४९९६२७० | ३९८५८२० | २०.२२ |
| ७ | ११/२०७९-०८० | शहिद स्मृती प्रतिस्ठान भवन निर्माण | स्वर्गद्वारी निर्माण सेवा तथा सप्लायर्स | ३६९८३४१ | २९५६४४९ | २०.०६ |
| ८ | १२/२०७९-०८० | पोहधारा आपटारी ओमपार्क सडक दोस्रो चरण | बाबा कन्ट्रक्सन | ४९८४४८४ | ४००६९८२ | १९.६१ |
| ९ | १३/२०७८-०७९ | वडा नं. १ कार्यालय | आर एण्ड सिभिल कन्ट्रक्सन | ९९९९१४४ | ८०६३७८७ | १९.३६ |
| १० | ०७/२०७९-०८० | दमकाडा मावि आवासिय तथा शिक्षा परियोजना | शिव निर्माण सेवा | २५५९६५१० | २१३६७५१६ | १६.५२ |
| ११ | ०४/२०७९-०८० | साविकको नगरपालिका माथि ट्रस निर्माण | अमरराई पोखरेल जेभी | ३५५४२४५ | २९६९८८९ | १६.४४ |
| १२ | ०५/२०७९-०८० | लक्ष्मी मावि वाईपास सडक | सिलवाल कन्ट्रक्सन | ४७८८७०९ | ४०५९८५० | १५.२२ |

सैद्धान्तिक बेरुजु

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : तानसेन नगरपालिका, पाल्पा , तानसेन नगरपालिका , पाल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | पिताम्बर पाण्डे | २०७७-१०-१९ | २०७९-५-२२ |
| कार्यालय प्रमुख | जीवन ज्ञवाली | २०७९-५-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कोशलराज घिमिरे | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,७३५,७३२.९६ | १४,६९४,६६२ | ६,८१६,६०९ | ० | ० | १७६,१७६ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३०,४२३,१७९.९६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १९०,१६० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३०,२३३,०१९.९६ |

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८७३९२४२४.५६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६०६००८६५२.९ | **चालु खर्च** | ५४६४११७६४.७ |
| **प्रदेश सरकारबाट अनुदान** | ४०४८१८५१ | **पूँजीगत खर्च** | २५२५२०३०५ |
| **राजश्व बाँडफाँट** | १४७८३१३५९.८ | **वित्तीय/अन्य व्यवस्था** | १७१५७१०१.८५ |
| **आन्तरिक आय** | २९७९३११३.२७ | | |
| **अन्य आय** | ४६७६५०६९.३२ | | |
| **कुल आय** | ८७०८८००४६.२९ | **कुल खर्च** | ८१६०८९१७१.५५ |
| **बाँकी मौज्दात** | | १४२१८३२९९.३ | |